# छात्रा छात्रवृत्तिको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (Ed. 598)
द्वितीय वर्षको आंशिक आवश्यकता
पूरागर्नका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

रीना राई

क्याम्पस रोल नं. : ८५
परीक्षा रोल नं. : २१४०१४२/२०६६
त्रि.वि. द.नं. :९-३-२१४-५५३-२००७
शैक्षिक वर्ष २०६४/२०६५

सुकुना वहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कोसीहरैंचा, मोरङ


२०७२

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्ग निर्देशन र अमूल्य सल्लाह र सुझाव दिनुहुने शोध निर्देशक श्री अशोक बस्नेत ज्यूप्रति हार्दिक आभार प्रकट गर्दै विशेष धन्यवाद तथा कृतज्ञताज्ञापन गर्न चाहान्छु । आवश्यक निर्देशन दिनु हुने यस क्याम्पसका क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ ज्यू, सहायक क्याम्पस प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यू तथा विभागीय प्रमख केशवराज भट्टराई ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्दा अमूल्य सुझाव दिनुहुने सह-प्राध्यापक श्री भोजराज घिमिरे, सह-प्रध्यापक श्री खगेन्द्रप्रसाद लुईटेलज्यूमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु र विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

अध्ययनको कममा तथ्यांक एवम् सूचना उपलब्ध गराएर सहयोग पु¥याउनु हुने नमुना छनौटमा परेका विद्यालयको प्रधानाध्यापक, शिक्षक,  विद्‍यालय व्यवस्थापन समितिका अध्यक्ष, स्रोतव्याक्ति, विद्यार्थी र अभिभावकहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टंकन गरी विशेष सहयोग पु¥याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर योगेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

रीना राई

# शोधसार

निम्न माध्यमिकतहको छात्रा छात्रवृत्तिको प्रभावकारिता शीर्षकमा गरिएको यस अनुसन्धानात्मक कार्यमा निम्नमाध्यमिक तहमा छात्रा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गरी उक्त कार्यक्रमको अवस्था पहिचान गरी यसको सामाजिक दृष्टिकोण पत्ता लगाउने र सिकाइ उपलब्धिमा देखिएको प्रभावकारिताको विश्लेषण गर्नु रहेको छ ।

यस अनुसन्धानको ढाँचा गुणात्मक र परिमाणात्मक गरी मिश्रित प्रकारको रहेको छ । विद्यालयले प्रदान गर्ने छात्रवृत्तिहरू मध्ये अध्ययनमा परेका विद्यालयहरूले छात्रा छात्रवृत्ति वितरण कार्यक्रमको अध्ययन गरियो । अध्ययनको क्रममा विद्‌यालयको विद्यार्थीहरू, शिक्षक, अभिभावकहरूसँग छलफल, अन्तरक्रिया तथा प्रश्नावालीको माध्यमबाट तथ्याङ्‌कहरू सङ्‌कलन गरिएको छ । त्यस्तै दोस्रो किसिमको तथ्याङ्‌का अन्तरगत विद्‌यालयको अभिलेअखहरू समेत अध्ययन गरिएको छ ।

अभिभावकहरूमा विद्यालय प्रति सकारात्मक धारणाको विकास गराएको छ । छात्रवृत्ति प्राप्तीले छात्रा विद्यार्थीहरू विद्यालयमा नियमित हुने शैक्षिक उपलब्धि बढ्ने, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर घट्ने कार्य भएको छ । छात्रा छात्रवृत्तिले छोरा र छोरीमा रहेको विभेद कम गरी छोरीलाई विद्यालय पढाउने कार्यमा अभिभावकहरूलाई प्रोत्साहन प्रदान गरेको छ । यसका साथै लक्षित समूहमा रहेका अभिभावकको चेतनामा समेत परिवर्तन ल्याएको छ । कार्यक्रमको आयोजना गरी छात्रवृत्ति वितरण गर्दा अभिभावकहरू नआउने गर्दा रहेछन् । छात्रवृत्ति वितरणमा जि.शि.का, स्रोतकेन्द्रबाट प्रभावकारी अनुगमन हुन नसकेको पाइयो । सबै विद्यालयले छात्रवृत्ति रकमलाई नगदै वितरण गरेको पाइयो । कतिपय विद्यालयमा छात्रा छात्रवृत्ति रकमको दुरुपयोग समेत हुने गरेको पाइयो । अभिभावकहरूलाई छात्रा छात्रवृत्ति रकम न्यून रहेको प्रातिक्रिया प्राप्त भयो । निम्न माध्यमिक कक्षामा दिने गरेको छात्रवृत्ति रकमलाई क्रमशः वृद्धि गरिदै माथिल्लो कक्षासम्ममा दिइनु पर्ने भनाई अभिभावकहरूको रहेको छ ।

छात्रवृत्ति कार्यक्रमले समुदायमा विद्यालय प्रतिको नकारात्मक धारणामा केही परिवर्तन गरी सकारात्मक धारणाको विकास गराएको छ । यसले विद्यार्थीहरूमा स्वास्थ्य सरसफाइ, अनुशासन, नैतिकता समयपालन जस्ता पक्षमा सुधार ल्याएको छ । छात्रवृत्तिको रकम उपयुक्त समयमा दिइनु पर्ने, छात्रवृत्ति छनौटमा पारदर्शिता हुनु पर्ने, छात्रवृत्ति कार्यक्रमको प्रचार, प्रसार गरिनु पर्ने, उमेर नपुगी छात्रालाई छात्रवृत्तिको लागि भर्ना गर्दा उमेरगत सिकाइ उपलब्धि प्राप्त गर्न नसकिने भएता पनि यसले विद्यार्थीहरूमा अभिप्रेरणा प्रदान गरेको कुरालाई निश्कर्षका रुपमा राखिएको छ ।

यस अनुसन्धानका क्रममा प्राप्त गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरूलाई अन्तरवार्ता, भराइएका प्रश्नावलीबाट प्रातिक्रियाका रुपमा प्राप्त भएको प्राप्ती र निष्कर्षका आधारमा केही सुझावहरू दिइएको छ । उक्त सुझावमा दिइएको सुझावमा कक्षा बढ्दै जाँदा र महंगी बढ्दै जाँदा छात्रवृत्ति रकम क्रमशः वृद्धि गर्दै लगिनु पर्ने, विद्यार्थी संख्यालाई मात्र आधार नमानी जिल्लाको भौगोलिक आर्थिक अवस्था र लक्षित समूहको संख्याको आधारमा सबै जिल्लामा एकै दिन छात्रा छात्रवृत्ति वितरण गर्ने गर्दा एकरुपता हुने गर्दछ । छात्रवृत्ति कार्यक्रमलाई प्रभवाकारी बनाउन योजना निर्माण, सुपरिवेक्षण, मार्ग दर्शन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ । सम्बन्धित सरोकारवालाई जानकारी गराउने, नियमिततालाई ध्यान दिइ बर्षमा २ पटक छात्रवृत्ति वितरण गर्ने, गरिब तथा जेहेन्दार शीर्षकमा समेत छात्रवृत्ति कोटा माग गर्नुपर्ने, छात्रवृत्ति छनौट र वितरणमा पारदर्शिता अपनाई अभिलेख राख्नु पर्ने जस्ता सुझावहरू दिइएको छ ।

# विषयसूची

| | पृष्ठ सङ्ख्या |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV |
| तालिकासूची | IX |
| चित्रसूची | X |
| संक्षिप्त शब्दको पूरा रूप | XI |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ३ |
| १.४ अध्ययनको उद्देश्य | ४ |
| १.५ अनुसन्धानात्मक प्रश्नावली | ४ |
| १.६ अध्ययनको परिसीमा | ४ |
| **पच्छिेद दुई : साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | ८ |
| २.३ पुनरावलोकनको उपादेयता | १० |
| **परिच्छेद तीनः अध्ययन विधि** | |
| ३.१.अनुसन्धानात्मक ढाँचा | ११ |
| ३.२ जनसङ्ख्या | ११ |
| ३.३ नमूनाको आकार | ११ |
| ३.४. नमूना छनौट विधि | १२ |
| ३.५. नमूना छनौटको आधार | १२ |
| ३.६. तथ्याङ्क संकलनका साधनहरु | १२ |

३.७ तथ्याङ्कका स्रोतहरु १३
३.८ तथ्याङ्क संकलन प्रक्रिया १३
३.९ तथ्याङ्कको विश्लेषण प्रक्रिया १४

## परिचछेद चार : नतिजाको छलफल

४.१ छात्रा छात्रवृत्तिको अवस्था १५
४.१.१ छात्रा छात्रवृत्ति पाउने विद्यार्थी विवरण १५
४.१.२ छात्रवृत्ति वितरणको समय १६
४.१.३ छात्रा छात्रवृत्तिको प्रकार १८
४.१.४ रकमको पर्याप्तताको अवस्था १९
४.१ ५ छात्रा छात्रवृत्तिको सदुपयोग २०
४.१.६ छात्रा छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता २२
४.१.७ छात्रा छात्रवृत्ति वितरणमा पारदर्शिता २३
४.१.८ वितरण प्रणालीमा मापदण्डको निर्धारण २३
४.१.९ अनुगमन र सुपरिवेक्षण २४
४.१.१० नीतिगत निर्देशन २४
४.१.११ चेतना २५
४.२ छात्रा छात्रवृत्तिको सामाजिक दृष्टिकोण २५
४.२.१ छात्रा छात्रवृत्ति प्राप्तिमा सरोकारवालाको धारणा २५
४.२.२ छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा २५
४.२.३ छात्रा छात्रवृत्ति वितरणमा प्र.अ. तथा शिक्षकको धारणा २८
४.२.४ छात्रा छात्रवृत्ति वितरणमा विद्यार्थीहरुको धारणा २९
४.४.६ विभिन्न सरोकारवालाबाट आएका धारणा २९
४.३ छात्र छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता ३०
४.३.१ छात्रा छात्रवृत्ति पाउने विद्यार्थीहरुको व्यवहारिक परिवर्तन ३१
४.३.२ छात्रवृत्ति पाउँदा र नपाउँदाको सिकाइ उपलब्धि ३२
४.३.३ नियमितता ३३
४.३.४ उतीर्णदर ३५

४.३.५ अनुसासन ३६
४.३.६ विद्यार्थी समाजिकीकरण ३६
४.४ प्राप्ति ३७

## परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

५.१.निष्कर्ष ४०
५.२ सुझाव ४१
५.२.१ नीतिगत तह ४१
५.२.२ कार्यान्वयन तह ४१
५.२.३ अनुसन्धान तह ४२
**सन्दर्भसूची**
**अनुसूची**

# तालिकासूची


| तालिका नं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | निम्न माध्यमिक तहमा छात्रा छात्रवृत्ति पाउने र नपाउने विद्यार्थी विवरण | १५ |
| २ | छात्रवृत्ति वितरणको समय | १७ |
| ३ | छात्रवृत्ति वितरणको समयका सम्बन्धमा सरोरकारवालाको भनाई | १७ |
| ४ | छात्रा छात्रवृत्तिको प्रकार (निम्नमाध्यमिक तह ६-८) | १८ |
| ५ | छात्रवृत्ति रकमको दर | १९ |
| ६ | छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत | २१ |
| ७ | छात्रा छात्रवृत्ति कार्यक्रममा सरोकारवालाको धारणा | २६ |
| ८ | छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा | २७ |
| ९ | छात्रवृत्ति वितरणमा प्र.अ. तथा शिक्षकको धारणा | २८ |
| १० | छात्रा छात्रवृत्ति वितरणमा विद्यार्थीहरुको धारणा | २९ |
| ११ | छात्रा छात्रवृत्ति विद्यार्थीहरुको व्यवहारिक परिवर्तन | ३१ |
| १२ | छात्रवृत्ति पाउँदा र नपाउँदाको सिकाइ उपलब्धि | ३२ |
| १३ | छात्रवृत्ति प्राप्त गर्ने र नगर्नेको उपस्थिति | ३३ |

# चित्रसूची


| चित्र नं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | निम्न माध्यमिक तहमा छात्रा छात्रवृत्ति पाउने र नपाउने विद्यार्थी विवरण | १६ |
| २ | छात्रा छात्रवृत्ति प्राप्तिमा सरोकारवालाहरुको धारणा | २६ |
| ३ | छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा | २८ |
| ४ | विद्यार्थीको बार्षिक औषत उपस्थिति | ३४ |

# सङक्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा. | निम्न माध्यमिक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | विद्यालय निरीक्षक |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| न.पा. | नगरपालिका |
| स्रो.व्य. | स्रोतव्यक्ति |
| सि.उ. | सिकाइ उपलब्धि |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधारभूत जग हो । सचेत, सक्षम र समुचित नागरिक निर्माण गर्ने प्रमुख कारक नै शिक्षा हो । शिक्षाले आर्थिक सामाजिक सुदृढिकरणका लागि आधारभुत जीवन सीप, ज्ञान तथा अनुभवजन्य क्षमता हासिल गर्न सहयोग पुऱ्याउँदछ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गर्नुको साथै मुलुकको निम्ति अपरिहार्य, उत्पादनशील, अनुशासित, देशभक्त र चरित्रवान नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । व्यक्ति, समाज, राष्ट्र र समस्त विश्वकै विकासमा शिक्षाको सर्वोपरी महत्व रहेको हुन्छ । त्यसैले हाम्रो देशमा पनि चौतर्फी विकासका लागि शिक्षालाई प्रमुख माध्यमका रुपमा लिइएको छ । हाम्रो देशमा शैक्षिक विकासको इतिहासको शुरुदेदखि नै जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाहरुलाई महत्व नदिएका कारण उनीहरु आफ्नो व्यक्तित्व विकास गरी राष्ट्र निर्माणको अभियानमा अपेक्षाकृत सहभागी हुन सकेको छैनन् । विगतका दशकहरुमा नेपालले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेता पनि समग्र राष्ट्रको साक्षरता निकै कम रहेको स्थिति छ भने अर्कोतर्फ महिला साक्षरता पुरुषको तुलनामा अत्यन्त कम छ । जबसम्म बालबालिकाहरुलाई शिक्षाको मूलप्रवाहमा ल्याई समानरुपमा लाभान्वित तुल्याउन सकिन्दैन तबसम्म सचेत, समुन्नत र परिवर्तन सुसंस्कृत समाजको परिकल्पना गर्न सकिन्दैन (शिक्षा विभाग, २०६३/०६४) ।

नेपालको शैक्षिक इतिहास हेर्दा छात्रवृति दिने व्यवस्था धेरै पहिला देखिनै रहेको पाइन्छ । लेखनाथ पौडेलको शैक्षिक प्रकृया र नेपालमा शिक्षा, २०५५ नामक पुस्तक अनुसार पौराणिक कालदेखिनै कुनै न कुनै किसिमको छात्रवृतिको व्यवस्था रहेको देखिन्छ । पौराणिक कालमा गुरुकुलमा बसेर निःशुल्क शिक्षा लिने प्रचलन देखिन्छ भने लिच्छवी कालमा र मल्ल कालमा पनि विभिन्न गुठीहरु सञ्चालन गरी शिक्षार्थीहरुलाई भोजन र आवसको व्यवस्था गरेको पाइन्छ । राणाकालमा संस्कृत शिक्षा गुठीद्वारा सञ्चालन भएको, वीर शमशेरले रानीपोखरी पाठशालाका १० जना राम्रो अंक ल्याउने विद्यार्थीहरुलाई छात्रवृति दिइ उच्च शिक्षाका लागि विदेश पठाएको, चन्द्र शमशेरले त्रिचन्द्र कलेजमा र दरबार हाइस्कूलमा पढ्ने जेहेन्दार विद्यार्थीहरुका लागि ७०० र ३०० को कोष खडा गरी किताब र खाजा दिने व्यवस्था गरेको आदि कुराबाट राणा कालमा कुनै न कुनै रुपमा छात्रवृति अस्तित्वमा रहेको देखिन्छ ।

२००७ सालपछि शिक्षा विकासका लागि विभिन्न आयोगहरु गठन भई जेहेन्दार विद्यार्थीका लागि छात्रवृतिको व्यवस्था भइरहेको पाइन्छ । नेपालमा प्राथमिक तहको छात्रवृतिको व्यवस्था भइरहेको पाइन्छ । नेपालमा प्राथमिक तहको छात्रवृति आधारभुत तथा प्राथमिक शिक्षा परियोजना लागु भएपछि भएको देखिन्छ । योजनाहरुमा शिक्षा मन्त्रालय अन्तर्गत विभिन्न  छात्रवृतिको व्यवस्था भइरहेको पाइन्छ । विभिन्न सम्बद्ध नीति तथा कार्यक्रममा पनि कुनै न कुनै रुपमा छात्रवृति प्रदान गरिने कुरा उल्लेख भएको पाइन्छ ।

शिक्षाको असमान वितरणले गर्दा सामाजिक तथा आर्थिक विषमता पनि बढ्दै जाने सम्भावना प्रबल भएकाले हालका वर्षहरुमा शिक्षामा समानता निस्पक्षता र सहज पहुँच जस्ता कुराहरु जल्दोबल्दो रुपमा उठिरहेका छन् । सबैको लागि शिक्षा र विकासको निम्ति शिक्षा भन्ने अवधारणालाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थतासँग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । (शिक्षा विभाग कार्यन्वयन पुस्तिका, २०६५)

हाम्रो देश नेपाल जस्तो विकासोन्मुख देशका लागि शिक्षाको माध्यमद्वारा गरिबी निवारण गर्न खास गरी शिक्षाको पहुँच र गुणस्तरका पक्षमा सम्बोधन गर्ने गरी विविध शैक्षिक कार्यक्रमहरु संचालन हुँदै आएका छन् । जबसम्म शिक्षाको पहुँच सबै वर्ग र समुदायसम्म पुऱ्याउन सकिँदैन तबसम्म शिक्षामा समानता र गुणस्तरीयता भन्ने कुरा केबल कोरा नारा मात्र सावित हुन पुग्दछ । तसर्थ विश्वभरी नै शिक्षामा पहुँच र गुणस्तर सम्बन्धि मुद्धाहरुलाई सम्बोधन गर्न आ-आफ्नै परिवेश अनुसारका विविध प्रयासहरु जारी रहेका छन् । नेपालकै सन्दर्भमा सबैलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरु लागु गरिएका छन् । यी विविध मुद्धाहरुलाई सम्बोधन गर्न छात्राहरुको शिक्षामा पहुँच बढाउने तथा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने उद्देश्यका साथ छात्रा छात्रवृत्ति तथा सहुलियत कार्यक्रम प्रमुख रणनीतिका रुपमा देखापरेको छ । अझ विशेष रुपमा भन्नुपर्दा शिक्षामा समता सम्बन्धि मुद्धाहरुलाई सम्बोधन गर्नका लागि छात्रा छात्रवृत्ति तथा सहुलियत सम्बन्धि कार्यक्रमहरुलाई शिक्षामा पहुँच बढाउने कार्यक्रमका रुपमा स्वीकारिएको छ । यस्ता कार्यक्रमहरुले एकातिर शैक्षिक प्रणालीको सक्षमता अभिवृत्ति गर्न भर्नादर, टिकाउदर, उत्तीर्णदर र नियमितता गराउन मद्दत गर्दछ भने बीचैमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने अनियमित हुने, जस्ता क्षति न्यून गरी बालबालिकाहरुलाई शिक्षा हासिल गर्न हौसला र उत्प्रेरणा बढाउँछ ( शिक्षा विभाग, २०६३)

नेपालको सामाजिक पृष्ठभूमिमा अझै पनि लैङ्गिक विभेद पाइन्छ, जसमा छोरीहरुलाई घरायसी काममा लगाइएको पाइन्छ । शिक्षाको पहुँच पुऱ्याउन छात्रा छात्रवृत्ति कार्यक्रम नै सबै सरोकारवालाहरुको नजरमा एक महत्वपूर्ण चर्चाको विषय बन्दै आएको छ ।

## १.२ समस्याको कथन

सन् २०१५ सम्ममा निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिबद्धता राष्ट्रले "सबैका लागि शिक्षा" को अर्न्तराष्ट्रिय सम्मेलनमा गरिसकेको छ । सो प्रतिवद्धता अनुरुप पिछडिएका महिला वा सबै लिङ्ग र पक्षलाई समेटेर शिक्षाको अवसर पुऱ्याउने विभिन्न कार्यक्रमहरु संचालन भइरहेका छन् । सामुदायिक विद्यालयका बालबालिकालाई प्रदान गरिएका यस्ता विविध प्रकृतिका छात्रवृत्ति कार्यक्रम सम्बन्धमा केही अध्ययन अनुसन्धान नभएका होइनन् । शैक्षिक अनुसन्धान विकास केन्द्र (सेरिड) ले सन् १९९८ मा आधारभूत शिक्षाका महिला तथा छात्राहरुको सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन योजनाको मूल्याङ्कन तथा पुनरावलोकनमा एउटा अध्ययन गरेको थियो । यसै शिर्षकमा दोस्रो चरण भनी सुविधा विहिन बालबालिका तथा छात्राका लागि 'छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता' शीर्षकमा अर्को एक अध्ययन गरेको थियो । उपर्युक्त अध्ययनमा तत्कालिन अवस्थामा संचालित छात्रछात्राहरुलाई प्रदान गरिएका अन्य प्रकृतिका छात्रवृत्ति कार्यक्रमको फाइदा र प्रभावकारितालाई मात्र सामान्य रुपमा समेटेको पाइन्छ । सामुदायिक विद्यालयहरुमा निम्न माध्यमिक तहमा अध्ययनरत छात्राहरुलाई प्रदान गरिने छात्रा छात्रवृत्तिले पारेको प्रभावको अध्ययन अनुसन्धान गरिएको तथ्य फेला परेको छैन । त्यसैले सामुदायिक विद्यालयमा वितरण गरिने छात्रा छात्रवृत्तिको स्वरुप कस्तो छ ? यस कार्यक्रमले सिकाइ उपलब्धिमा कति भिन्नता आएको छ ? छात्रा छात्रवृत्ति वितरणमा सम्बन्धित समस्या के के छन् ? भन्ने प्रश्नमा केन्द्रित रही अध्ययन कार्य अघि बढाइको छ ।

## १.३. अध्ययनको औचित्य

अन्य विभिन्न किसिमको छात्रवृत्ति पहिलेदेखि नै प्रदान गरिदै आएको भए पनि छात्रा छात्रवृत्ति कार्यक्रम पछिल्लो समयमा मात्र प्रदान गर्न सुरु गरिएको हो । यो कार्यक्रम वि.सं. २०६४ सालमा स्थापना भएको हो । यस सम्बन्धि गरिएको अध्यायनले सम्बन्धित छात्रा, शिक्षक, प्र.अ., वि. व्य. स., शि.अ.संघ तथा अभिभावकलाई सहयोग प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

छात्राछात्रवृत्ति कार्यक्रम कार्यन्वयन सम्बन्धि कमी कमजोरीहरु हटाउन विद्यालय निरिक्षक, स्रोत व्यक्ति, एवम् अन्य सरोकारवालाहरुलाई अनुगमन गर्ने आधार प्रदान गर्नेछ । यस कार्यक्रमसँग सम्बन्धित सबल एवम् कमजोर पक्षहरुको पहिचान गरी छात्रा छात्रवृत्तिका सम्बन्धमा प्रभावकारी नीति निर्माण गर्न शिक्षा योजनाकार, नीतिनिर्माता, दातृ निकाय साथै सम्बद्ध सरोकारवालालाई महत्वपूर्ण आधार तथा सूचना प्रदान गर्नेछ । प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुलाई स्रोत केन्द्र स्तरीय वार्षिक शैक्षिक कार्यक्रमको प्रवोधीकरण अन्तर्गत छात्रा छात्रवृत्ति शीर्षकमा छलफल चलाउन थप आधारहरु प्रदान गर्नेछ । साथै छात्रा छात्रवृत्ति सम्बन्धि हालसम्म भए गरेका प्रयास, अभ्यास र प्रगतिबारे सम्बद्ध पक्षहरुलाई जानकारी गराउने अपेक्षा गरिएको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्न लिखित रहेका छन् :-

(क) छात्रा छात्रवृत्तिको अवस्था पहिचान गर्नु ।

(ख) छात्रा छात्रवृत्ति सम्बन्धमा रहेको प्रकृयाको सामाजिक दृष्टिकोण पत्ता लगाउनु ।

(ग) छात्रा छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेका प्रभावको विश्लेषण गर्नु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस शोध अध्ययनका लागि निम्नानुसारका अनुसन्धाननात्मक प्रश्नहरु तयार पारिएको थियो ।

(क) कुन-कुन शीर्षकमा छात्रवृत्ति वितरण हुन्छ ?

(ख) छात्रा छात्रवृत्ति शीर्षकमा कति-कति रकम वितरण हुन्छ ?

(ग) छात्रा छात्रवृत्ति वितरण कार्यक्रमको अवस्था कस्तो छ ?

(घ) छात्रा छात्रवृत्ति कार्यक्रमप्रति सामाजिक दृष्टिकोण कस्तो रहेको छ ?

ङ) छात्रा छात्रवृत्ति दिने आधारहरू के कस्ता निर्धारित छन् ?

च) छात्रा छात्रवृत्तिले वालिकाको शैक्षिक उपलब्धिमा के- कस्तो प्रभाव पारेको छ ?

छ) छात्रा छात्रवृत्ति रकमको सम्बन्धमा तपाईको धारणा के छ ?

## १.६. अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनमा सिमित स्रोत साधन र समयको कारण नेपाल भित्रका विभिन्न तहमा लागु भएका छात्रा छात्रवृत्ति मध्ये निम्न माध्यमिक तह (कक्षा ६-८) को छात्रा छात्रवृत्ति कार्यक्रम

अधिराज्यको प्राय: सबै जिल्लामा लागु भएको भएता पनि यस अध्ययनमा इलाम जिल्लाको लक्ष्मीपुर स्रोत केन्द्रका सामुदायिक माध्यमिक विद्यालयहरुलाई केन्द्रविन्दु बनाइएको छ । यस स्रोत केन्द्र भित्र पर्ने पाँच वटा माध्यमिक विद्यालयहरु मध्ये लक्ष्मीपुर गा.वि.स.को एउटा र गोदक गा.वि.स.का दुई वटा विद्यालयहरु समेटिएको छ । यस अध्ययनको प्रमुख आधारहरूमा विद्यालयको अभिलेख, विद्यार्थी, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूसँगको अन्तरक्रिया, छलफल र प्रश्नावलीलाई मानिएको छ । सिमित साधान स्रोत र समयको सिमा भित्र रहेर गरिएको यस अध्ययनले समग्र राष्ट्र भित्रका सामुदायिक विद्यालयहरूमा प्रदान गरिने छात्रा छात्रवृत्तिको प्रभावकारिता समेट्न सक्दैन । त्यस कारण यसलाई राष्ट्रको अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन् ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

जुनसुकै अध्ययन अनुसन्धान गर्नको लागि पनि त्यस विषयमा गरिएको पूर्व अध्ययन अनुसन्धान कर्ताहरूको साहित्य अध्ययन गर्ने गरिन्छ । यस परिच्छेदमा शोध अध्ययनका क्रममा आवश्यक व्याख्या विश्लेषण गर्नका लागि विभिन्न सिद्धान्तहरुलाई आधारका रुपमा लिइएको छ । यसका अतिरिक्त शोधशीर्षकसँग सम्बन्धित लेख, रचना, अनुसन्धान प्रतिवेदनहरु, अनुसन्धानमूलक लेखहरुको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

आर्थिक सामाजिक र राजनीतिक रूपमा निकै अगाडि रहेका कथित दलित जतिका बालवालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्दा विपन्न परिवारको गैह्र दलित समुदायका बालवालिकाहरूमा मनोवैज्ञानिक, सामाजिक र संवेगात्मक असर पर्न गइ उनीहरूको सिर्जनात्मकता, क्रियाशीलता र रुचीमा कमि आउछ । दलित र गैह्र दलित विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूमा चरम गरीबी, अशिक्षा अन्धविश्वास, विद्यालयमा हुने राजनैतिक हस्तक्षेप, विद्यार्थीहरूको विद्यालयमा हुने नियमित अनुपस्थिति व्यवसाय आदि रहेको पाइन्छ । दलित र गैह्र दलित विद्यार्थीहरू वीचमा देखिएको छात्रवृत्ति वितरणको विभेदिकरणलाई समाधान गर्न विद्यालयमा विद्यार्थीको उपस्थिति, छात्रवृत्ति वितरण गर्दा वास्तविक रूपमा गरीब, असहाय, जेहेन्दार, लगनशील विद्यार्थीहरूको पहिचान गरी अभिभावक, वि.व्य.स. का पदाधिकारी लगायतका सम्पूर्ण सरोकारवालाहरूको सहमति हुन अवस्यक छ (दुलाल, २०६७) ।

सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई नियमित रूपमा छात्रवृत्ति प्रदान गर्न थालिएको तीन बर्ष भयो । यस अवधिमा सीमान्तकृत वालवालिकाहरूको विद्यालयमा भर्ना हुने दर निकै बढेको पाइएकाले यो छात्रवृत्तिले विद्यार्थी भर्नामा सकारात्मक प्रभाव पारेको छ । त्यस्तै छात्रवृत्ति प्राप्त गर्नु भन्दा पहिले र पछिको कक्षागत सिकाइ उपलब्धिमा पनि धेरै सुधार आएको, विद्यालय छाड्ने दरमा कमि आउनुका साथै विद्यालयमा उपस्थित हुने दरमा वृद्धि भएकाले यो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने हुन्छ । आर्थिक रूपमा विपन्न भएकै कारण विद्यालयमा भर्ना हुन नसकिरहेका वालवालिकाहरूलाई यो छात्रवृत्ति शिक्षा प्राप्त गर्नका लागि प्रभावकारी साधन भएको छ । छात्रवृत्ति वितरण गर्नु पूर्व र पछिको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययनबाट यसले वालवालिकाहरूको अध्ययन कार्यमा उत्साह र उत्प्रेरणा थपेको छ (दाहल,२०६८) ।

दलित छात्राहरूलाई दिइएको छात्रवृत्तिले उनीहरूको पठनपाठन प्रक्रियामा सकारात्मक प्रभाव पारेको छ । अधिकांश छात्राहरूले आफुले पाएको छात्रवृत्ति बापतको रकमले आवश्यक स्टेशनरी सामान किन्न खर्च गरेको पाइएको छ । केहि परिवारले भने सो रकम घरायसी काममा समेत खर्च गरेको अवस्था छ आर्थिक अवस्था कमजोर हुने परिवारका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम प्रभावकारी साधनको रूपमा रहेको छ छात्रवृत्ति प्राप्त गर्ने अधिकांश वालवालिकाहरूमा पढाइ प्रति उत्साह थपिएको छ । यद्यपि केहिले भने छात्रवृत्ति बापतको रकम कम भएको गुनासो गरेको पाइन्छ । छात्रवृत्ति प्राप्त गर्ने अधिकांश वालवालिकाहरूले छात्रवृत्ति पाएकोमा सन्तुष्टि व्यक्त गरेका र यसले उनीहरूलाई आफ्नो अध्ययन कार्यमा उत्साह थपेको कुरा व्यक्त गरेका छन् (वस्नेत,२०६७) ।

सवैका लागि शिक्षा उपलब्ध गराउने अभियानको अवरोधका रूपमा रहेको निरक्षरता उन्मुलन गरि अनाथ, असहाय, गरीब, दलित, सडक वालवालिका, द्वन्दका मारमा परेका, पिछडिएका एवम् सुविधा विहिन समुदायका वालवालिकाहरूलाई निःशुल्क गुणस्तरीय शिक्षामा समाहिमत गर्न र सवै उमेर समुहलाई लैङ्गिक विभेद मुक्त किसीमले कार्यमुलक जिवन उपयोगि र गुणस्तरीय शिक्षा प्रदान गर्न अनिवार्य भएको छ । शिक्षामा दलित तथा पिछडिएका समुदायको पहुँच वढाउन विभिन्न सुधारका प्रयासहरू भएता पनि यी प्रयासहरू प्रयाप्त मात्रामा भएको पाइदैन । यसमा केवल सरकारको प्रयासमात्र नभई राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्र सरकारी संघ संस्था एवम् अन्य निकाय लगायतका सवै क्षेत्रको सहयोग पनि उत्तिकै महत्व पुर्ण ठानिन्छ । शिक्षा स्वास्थ्य लगायतका क्षेत्रहरूमा सरकारको अलावा सवैको सामुहिक सहयोग भएको खण्डमा र राज्यका सवै अङ्गहरूमा सवै जातजतिको समान पहुँच तथा प्रतिनिधित्व मार्फत सामाजिक समावेशीकरण गर्दै लैजान सकेमा सवै जातजतिको पहुँच माथि उठाउन अवश्यनै सकिन्छ ( पौडेल, २०६६) ।

प्राथमिक शिक्षामा छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकमा गरिएको अनुसन्धानमा प्राथमिक तहमा छात्रा छात्रवृत्तिले लक्षित समुदायका लागि वितरण गरिएको छात्रा छात्रवृत्तिले विद्यार्थीको नियमितता, छात्राहरुको अवस्था र सिकाइ उपलब्धिमा पार्ने प्रभावको बारेमा अध्ययन गरिएको छ । प्राथमिक तहमा प्रदान गरिने छात्रा छात्रवृत्तिका कारण बालबालिकाहरुको भर्नादरमा वृद्धि भएको छ । छात्रवृति पाउनेहरुको विद्यालय नियमितता अन्यको तुलनामा केहि बढिरहेको पाइएको कुरा उल्लेख छ । त्यसै गरी छात्रवृत्ति प्राप्त नगर्ने छात्राहरु भन्दा प्राप्त गर्ने छात्राहरुको कूल औसत उपलब्धी ६ प्रतिशतले बढी छ । त्यसको मुख्य कारणमा पिछडिएको समुदाय तथा सुविधाविहिन र गरिब परिवार भएकाले खाने लगाउने कुरामा नै समस्या भएकाले

अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई अध्ययन गर्ने उपयुक्त वातावरण प्रदान गर्न नसक्नु नै हो (वस्ती, २०६६) ।

प्राथमिक तहमा ५०% छात्रा छात्रवृत्तिले खुद भर्नादरमा पारेको प्रभाव शीर्षकमा तयार पार्नुभएको शोधपत्रमा सो छात्रवृतिले खुद भर्नादरमा सकारात्मक प्रभाव पारेको कुरा उल्लेख गर्नु भएको छ । ५०% छात्रा छात्रवृत्ति प्राथमिक विद्यालय तहमा गरिब एवं पिछडिएका वर्गका बालबालिकाहरुको विद्यालय नियमित उपस्थिति एवं उपलब्धि स्तर न्यून रहेको तर सो छात्रवृतिको व्याख्या भएपश्चात छात्राहरुको नियमितता र उपलब्धि स्तरमा हुदै गइरहेको कुरा उल्लेख गरिएको छ । यसका अतिरिक्त यस छात्रवृतिले छोरा र छोरी बीचमा गरिने भेदभावलाई कमी, गरीब र पिछडिएको वर्गलाई आर्थिक सहयोग उपलब्ध भएको छ । छात्रा विद्यार्थीको संख्यामा वृद्धि भएको उल्लेख गरिएको छ (कार्की, २०६५) ।

प्राथमिक तहमा छाज्ञत्रवृत्ति वितरण कार्यक्रमको प्रभावकारिता शीर्षकको शोधपत्रका अनुसार छात्रवृति वापतको रकम बालबालिकाहरुको शिक्षामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा उपयोग गरिएको अवस्था छ । अधिकांश अभिभावकहरुले छात्रवृतिको रकमलाई आफ्ना बालबालिकाहरुको विद्यालय पोशाक, विद्यालय खाजा, झोला, कापीकलम किन्नमा खर्च गरेको, छात्रवृतिका लागि विद्यार्थी छनौट कार्यमा विद्यालय छनौटमा प्रधानाध्यापकको भूमिका बढी रहेको, अभिभावकहरुको सहभागितामा कमी पाइएको, अभिभावकहरुलाई जानकारी नै नगराई लक्षित बालबालिकाहरुलाई भरपाई गराएर छात्रवृति जिम्मा लगाउने गरेको, छात्रवृति निर्धारित समय र मितिमा वितरण नगरिएको कुरा उल्लेख गर्नुभएको छ । उहाँले आफ्नो अनुसन्धानको निष्कर्षमा छात्रवृति कार्यक्रम त्यति प्रभावकारी बन्न नसकेको, प्रधानाध्यापकहरुले एकलौटी छनौट गर्ने परिपाटीको अन्त्य गरी सरोकारवाला, व्यवस्थापन समिति, शिक्षक लगायतको निर्णयबाट विद्यार्थीहरुले छनौट गरिनुपर्ने लगायत कुराहरु उल्लेख गर्नु भएको छ (जोशी, २०६५) ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस शोध अध्ययनको उद्देश्य प्राप्तिका लागि शोध कार्यलाई वस्तुगत तथा व्यवहारिक रुपमा अगाडि बढाउन अध्ययनको विषय प्रकृतिका क्षेत्रमा गम्भिरतालाई मध्यनजर गर्दै मास्लोको आवश्यकता सिद्धान्त, हर्जवर्गको उत्प्रेरणाको सिद्धान्तलाई प्रयोग गरिएको छ ।

अब्राहम मास्लो (१९४३) ले आवश्यकताको सिद्धान्तमा भनेका छन्, मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । मानिसका कुनै चाहना पुरा हुन सक्छन् तर चाहना र

आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिको लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसमा अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् । जसलाई एक क्रमबद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा उनको रहेको छ । उनले मानिसका शारिरीक आवश्यकताबाट शुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता, आत्म सन्तुष्टिको आवश्यकता सम्म पाँच श्रेणीमा आवश्यकताको क्रमबद्ध श्रेणी निर्धारण गरेका छन् (शर्मा एन्ड शर्मा, २०६१) ।

विद्यालय क्षेत्रका त्यस माथि पनि छात्रा विद्यार्थीको अनगिन्ती आवश्यकता हुन्छन् । यस्ता वर्गको शिक्षाका पहुँच पुग्न नसक्नुमा उनीहरुको न्यूनतमा आधारभूत वस्तु तथा सेवा प्राप्त गर्न नसक्नु हो । किनभने छात्रा विद्यार्थीकका अभिभावकहरुले आफ्नो दैनिक आवश्यक पर्ने आवश्यकताको उचित व्यवस्था गर्न नसक्नाले ती आवश्यकतालाई पूरा गर्नतिर लाग्नु पर्ने भएकाले उनहिरुले आफ्ना बालबालिकाहरुका लागि न्यूनतमा भए पनि शिक्षाको अवसर दिन तिर अग्रसर हुन सकेको पाइदैन । तसर्थ आवश्यकता सम्बन्धि माश्लोको यो सिद्धान्तले पिछडिएका तथा लैङ्गिक विभेद भएका छात्रा विद्यार्थीका आवश्यकता पुरा गरी विद्यालय शिक्षा प्रति आकर्षण कति मात्रामा गरिरहेका भनी परिमाणात्मक र गुणात्मक सत्य तथ्यको आधारमा विश्लेषण गर्ने आधारको रुपमा लिइएको छ ।

फ्रेडरिक हर्जवर्ग, (१९५०) का अनुसार मानिसलाई काम गर्नका लागि दुइवटा तत्वले प्रभाव पारिरहेको हुन्छ । आरोग्य तत्वले काम गर्ने व्यक्तिहरुमा रहेका असन्तुष्टिलाई हटाउने र असन्तुष्टि आउन नदिने कार्य गर्दछ । यसले व्यक्तिमा असन्तुष्टि आउन दिदैन । कर्मचारीहरुमा नकारात्मक विन्दुको प्रेरणा शुन्यमा झारिदिन्छ । काम गर्ने वातावरण अनुकूल नभएसम्म व्यक्ति उत्प्रेरित हुँदैन । आरोग्य तत्व अन्तर्गत नीति नियम, प्रशासन, ज्याला तलब र सुविधाहरु सुपरिवेक्षण सहकर्मीहरु बीचको सम्बन्ध र कार्य वातावरण व्यक्तिगत जीवन र सुरक्षा जस्ता कुराहरु पर्दछन् । सामुदायिक विद्यालयका छात्राविधार्थीका अभिभावकहरु आर्थिक रुपले विपन्न छन् । उनीहरुमा आफ्ना बालबालिकाहरुलाई विद्यालय पढाउनका निम्ति आवश्यक पर्ने सामग्रीहरु जुटाउन समेत समस्या भएको पाइन्छ । यस्तो अवस्थामा छात्राहरुलाई छात्रवृति प्रदान गर्दा अभिभावकलाई समेत हौसला तथा उत्प्रेरणा पैदा हुन्छ । बालिकाहरु अध्ययनका निम्ति आवश्यक पर्ने शैक्षिक सामग्रीहरु लिएर विद्यालय जाँदा उनीहरुमा मनोबल बढ्नुको साथै सन्तुष्टि प्राप्त हुन्छ । यसरी शैक्षिक सामग्री नै जुटाउन नसकेर विद्यलय नगएकाहरु आवश्यक सामग्री प्राप्त गरेपछि उत्प्रेरित हुँदै अध्ययन कार्यमा लाग्ने भएकाले उनीहरुको शैक्षिक उपलब्धि समेत वृद्धि हुने गर्दछ ।

## २.३. पुनरावलोकनको उपदेयता

जुनसुकै विषयमा अध्ययन अनुसन्धान गर्नको लागि त्यस विषयमा गरिएको पूर्व अध्ययन अनुसन्धानका बारेमा ज्ञान हुन जरुरी छ। पूर्व साहित्यको अध्ययनले नयाँ अनुसन्धान गर्न कुन सिद्धान्त प्रयोग गर्ने भन्ने कुराको मार्गनिर्देशन गर्दछ। यस अध्ययनमा पूर्व साहित्यको पुनरावलोकनले विभिन्न प्रकारका छात्रवृत्तिका सम्बन्धमा थप जानकारीहरु प्राप्त गरिएको छ। छात्रा छात्रवृत्तिको प्रभावकारिताको विषयमा अनुसन्धानलाई अगाडी बढाउन अनुसन्धान कर्तालाई सकारात्मक र थप मार्गनिर्देश गर्न सहयोग पुऱ्याएको छ। जसले गर्दा आफ्नो छात्रा छात्रवृत्तिको प्रभावकारिता भन्ने विषयमा अध्ययन गर्न सहज बनाएको छ। यहाँ गरिएको पुनरावलोकनले छात्रवृत्तिको सम्बन्धमा के कति अध्ययन भइसकेका छन् ? र कुन सन्दर्भमा अध्ययन गर्न बाँकी छ ? भन्ने विषयमा समेत महत्वपूर्ण जानकारी प्राप्त भएको छ। जसले गर्दा आफ्नो विषयमा अध्ययन गर्न सहज वनाउने र नयाँ तथ्य पत्ता लगाउन सहयोग पुऱ्याएको छ। अनुसन्धानात्मक ढाँचा छनोट गर्नको लागि पनि पूर्व साहित्यको अध्ययनले सहयोग पुऱ्याएको छ।

# परिच्छेद तीन : अध्ययन विधि

जुनसुकै समस्याको अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ। यस परिच्छेदमा शोध अध्ययनको अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसंख्या, नमूनाको आकार, नमूना छनोट विधि, नमूना छनोटको आधार, तथ्याङ्क संकलनका साधनहरु, साधनको वैधता, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क संकलन प्रक्रिया र तथ्याङ्कको विश्लेषण प्रक्रिया उल्लेख गरिएको छ।

## ३.१.अनुसन्धानात्मक ढाँचा

यस अध्ययनलाई पूरा गर्नका लागि बर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ। उत्तरदातासँग लिइएको विवरण र अनुभवहरूलाई बर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ। वस्तु स्थितिलाई गहिरीएर अध्ययन र अवलोकन तथा अन्तरक्रियको माध्यमबाट बुझ्ने प्रयास गरिएको छ। प्राप्त भएको तथ्याङ्कलाई बर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रयाग गरी विश्लेषण गर्ने प्रयत्न गरिएको छ।

## ३.२. जनसङ्ख्या

यस शोध अध्ययनको क्षेत्र इलाम जिल्लाको लक्ष्मीपुर स्रोत केन्द्र छनोट गरिएको छ। यस स्रोत केन्द्र भित्र पाँचवटा माध्यमिक विद्यालयहरु, एउटा निम्न माध्यमिक तथा बाईस वटा प्राथमिक विद्यालयहरू छन्। यी सवै विद्यालयहरूका प्र.अ.हरु, शिक्षकहरु, वि.व्य.स. अध्यक्षहरु उक्त विद्यालयहरूका सवै विद्यार्थी तथा तिनका सवै अभिभावकहरुलाई शोध अध्ययनको जनसंख्या मानिएको छ।

## ३.३. नमूनाको आकार

यस छात्रा छात्रवृतिको प्रभावकारिता विषयमा गरिने अध्ययनका लागि लक्ष्मीपुर स्रोत केन्द्रका माध्यमिक विद्यालयहरु मध्ये गोदक गा.वि.स.का दुई वटा र लक्ष्मीपुर गा.वि.स.का एउटा गरी तिन ओटा विद्यालयहरुलाई नमूनाको आकारमा लिइएको छ। यस स्रोत केन्द्रका तिन ओटा विद्यालयहरुका तीन जना प्र.अ., तीन जना वि.व्य.स.अध्यक्ष, कक्षा सात र आठमा अध्ययनरत प्रत्येक विद्यालयका पाँच पाँच जनाका दरले जम्मा पन्ध्र जना विद्यार्थी तथा तिनका अभिभावकहरु समेत नमूनाको आकारको रुपमा लिइएको छ।

## ३.४. नमुना छनौट विधि

यस शोध अध्ययनका उद्देश्यहरु पुरा गर्न इलाम जिल्लाको लक्ष्मीपुर स्रोत केन्द्र अर्न्तगतका पाँच वटा विद्यालयहरु मध्ये सामान्य सम्भावना युक्त नमूना छनोट विधिको प्रयोग गरी तीन ओटा विद्यालयहरु छनोट गरिएकोछ। उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयका दुई दुई जनाका दरले जम्मा छ जना शिक्षकहरु तथा कक्षा सात र आठमा अध्ययन गर्ने विद्यार्थीहरु मध्येबाट पाँच पाँच जनाका दरले जम्मा पन्ध्र जना विद्यार्थीहरु तथा तिनका अभिभावकहरुलाई नमुना छनोट गरिएकोछ।

## ३.५. नमुना छनौटको आधार

यस शोध अध्ययन कार्य सम्पन्न गर्नको लागि नमूना छनोट गर्दा सम्बन्धित क्षेत्रको विभिन्नतालाई ध्यान दिइएको छ। विद्यालयको छनोट गर्दा भौगोलिक क्षेत्र, सुगमता, दुर्गमताका साथै लिङ्ग, जात, आर्थिक अवस्था तथा विद्यालयको सामाजिक सांस्कृतिक परिवेशलाई आधार मानिएको छ।

## ३.६. तथ्याङ्क संकलनका साधनहरु

कुनै पनि अध्ययन निष्कर्षमा पुग्नको लागि निश्चित साधनहरुको आवश्यकता पर्दछ। यहाँ छात्रा छात्रवृत्तिको प्रभावकारिताको अध्ययन गर्न निम्न अनुसार तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरिएको छ।

### अर्न्तवार्ता सूची

अर्न्तवार्ताको लागि तयार गरिएको लिखित प्रश्नहरुको सूचिलाई अर्न्तवार्ता सूची भनिन्छ। अनुसन्धानकर्ता स्वंयले उत्तरदाताको सामु प्रत्यक्ष रुपमा मुखामुख भएर सोध्ने र प्राप्त उत्तर टिप्ने गर्दछ। अर्न्तवार्ताकार आफैले उत्तर टिप्ने हुँदा यो तरिका बढी विश्वासनीय हुने र सहि सूचना प्राप्त गर्न सकिने हुन्छ। यस अध्ययनमा छनोटमा परेका विद्यालयहरुका प्र.अ., वि.व्य.स.अध्यक्ष र अभिभावकहरुलाई अर्न्तवार्ता सूची प्रयोग गरी विवरणहरु संकलन गरिएको छ।

**प्रश्नावली**

शैक्षिक क्षेत्रहरूको अनुसन्धानमा सूचना संकलन गर्ने विधिहरुमा प्रश्नावली एक प्रमुख विधि हो । यस अध्ययनमा सूचना संकलन गर्नका लागि छनोटमा परेका माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई प्रश्नावलीको प्रयोग गरी सूचना संकलन गरिएको छ ।

**अर्न्तक्रिया**

छनोटमा परेका विद्यालयका सम्बन्धमा शोध अध्ययनसँग सम्बन्धित थप सूचनाहरु प्राप्त गर्न स्रोत व्यक्ति, प्र.अ., वि.व्य.स.अध्यक्षहरुसँग अर्न्तक्रिया समेत गरिएको छ । अर्न्तक्रिया द्वारा प्राप्त मुख्य मुख्य बुँदाहरुलाई टिपोट गरी अध्ययनको प्रयोजनका लागि प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्कका स्रोतहरु

अध्ययन अनुसन्धानमा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रभाव जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ । यसलाई अनुसन्धान पूरा गर्न आवश्यक कच्चा पदार्थ पनि भनिन्छ । यहाँ प्राथमिक र द्वितीय स्रोतहरु दुवै प्रयोगमा ल्याइएको छ ।

**प्राथमिक स्रोत**

प्राथमिक स्रोतका लागि नमूना छनौटमा परेका विद्यालयमा गई उल्लेखित व्यक्तिहरुसँग गरिने छलफल, प्रश्नावली, अर्न्तक्रियाबाट प्राप्त तथ्याङ्कनै प्राथमिक स्रोत रहेका छन् । छात्राछात्रवृत्तिका सेरोफेरोमा रहेरनै प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको छ ।

**द्वितीय स्रोत**

अनुसन्धानको सन्दर्भमा अग्रिम प्रकाशित तथा संकलित तथ्याङ्कलाई द्वितीय स्रोत भनिन्छ । विद्यालयबाट प्राप्त अभिलेख, पुस्तक, लेख रचना, अनुसन्धानात्मक प्रतिवेदन, शोध पत्र आदिबाट प्राप्त तथ्याङ्क द्वितीय स्रोतको रुपमा राखिएका छन् ।

## ३.८. तथ्याङ्क संकलन प्रक्रिया

अनुसन्धान कार्यमा आवश्यक तथ्याङ्कहरु बटुल्न कुन-कुन प्रक्रियाहरु अघि बढाउने भन्ने कुराहरु पनि उल्लेख्य हुन्छ । प्राथमिक स्रोत बाट प्राप्त तथ्याङ्कलाई मुख्य तथ्याङ्कका रुपमा लिइएको छ । छात्रा छात्रवृत्तिको उपलब्धि, यसको सामाजिक दृष्टिकोणको सम्बन्धमा प्राथमिक स्रोत उपयोग गरिएको छ भने विद्यार्थी संख्या, विद्यर्थी उपस्थिति जस्ता विवरणहरु द्वितिय स्रोतबाट लिइएको छ ।

## ३.९ तथ्याङ्कको विश्लेषण प्रक्रिया

छात्रा छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभावका सम्बन्धमा गरिएको अनुसन्धान गुणात्मक र परिमाणात्मक दुवै मिश्रित अनुसन्धानको रुपमा गरिएको छ । नमूना छनौटमा परेका जनसंख्यासँग गरिएको अर्न्तवार्ता, प्रश्नावली, छलफलबाट प्राप्त जानकारी जस्ता प्राथमिक स्रोतबाट प्राप्त सुचना तथा तथ्याङ्क र सम्बन्धित विद्यालयबाट प्राप्त दस्तावेज, कार्यालयका अभिलेख जस्ता द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । संकलित तथ्याङ्कलाई तालिकीकरण गर्ने, प्रतिशत निकाल्ने, औसत निकाल्ने कार्य गरिएको छ । तथ्याङ्कलाई लेखाचित्र तथा चार्टमा पनि राखिएको छ । यसको आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# परिचच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमा प्राप्ति परिमाणात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार समूहीकरण, वर्गीकरण एवम् तालिकीकरण गरेर परिमाणात्मक तथा गुणात्मक ढंगले तोकिएको उद्देश्य अनुसार व्याख्या विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा प्राप्त तथ्यहरूलाई उद्देश्य, सिद्धान्त र पूर्व साहित्यको अध्ययनबाट प्राप्त अनुभवलाई समेत ध्यान दिइएको छ। परिमाणात्मक तथ्याङ्कले देखाउन नसकेका महत्वपूर्ण तथ्यहरू वर्णनात्मक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ। जुन कुरा तपशिलका शिर्षक अनुसार रहेका छन् :

## ४.१ छात्रा छात्रवृत्तिको अवस्था

हरेक विद्यालयले आफ्नो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको तथ्याङ्क प्रत्येक वर्ष फ्लास-१ र फ्लास २ भरी जि.शि.का मा पठाउने गरेको हुन्छ। उक्त भरिएका फ्लास-१ र फ्लास २ बाट निर्धारण गरी सम्बन्धीत विद्यालयमा छात्रवृत्तिको प्रकार र संख्या निर्धारण गरी सम्बन्धित विद्यालयमा छात्रवृत्ति रकम पठाउँदछ। छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्दा छनौटमा परेका विद्यालयहरूको विद्यार्थी विवरण निम्नानुसार रहेको पाइयो।

### ४.१.१ छात्रा छात्रवृत्ति पाउने विद्यार्थी विवरण

नमुना छनौटमा परेका विद्यालयहरूका छात्रा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण सङ्कलन गर्ने कार्य गरियो। उक्त कार्यको लागि विद्यालयको अभिलेखका आधारमा सङ्कलित तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।


तालिका १ : निम्न माध्यमिक तहमा छात्रा छात्रवृत्ति पाउने र नपाउने विद्यार्थी विवरण

| क.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्रवृत्ति नपाउने | छात्रवृत्ति पाउने | जम्मा |
| १. | श्री पूर्ण स्मारक उ.मा.वि, गोदक इलाम | १२० | १३४ | २५४ |
| २. | श्री नन्द मा.वि. गोदक, इलाम | १०६ | ८७ | १९३ |
| ३. | सरस्वति मा.वि. लक्ष्मीपुर इलाम | १३८ | २९० | ४२८ |

स्रोत : विद्यालय अभिलेख, २०७२

उपरोक्त तालिकालाई विश्लेषण गर्दा अध्ययनमा परेका तीन वटा विद्यालयहरू मध्ये माध्यमिक तह (६-८) मा सबैभन्दा बढी विद्यार्थी पूर्ण स्मारक उ.मा.वि. गोदक इलाम मा २५४ जना र सबैभन्दा कम विद्यार्थी नन्द मा.वि. गोदकमा १९३ जनामात्र माध्यमिक र निम्न माध्यमिक तहमा रहेको पाइयो । छात्र छात्राको संख्यालाई हेर्दा पूर्ण स्मारक उ.मा.वि गोदक र सरस्वति मा.वि. लक्ष्मीपुरमा मात्र छात्र भन्दा छात्राको संख्या बढी रहेको पाइयो भने अध्ययनमा परेका अन्य विद्यालयमा छात्र भन्दा छात्राको संख्या कम रहेको पाइयो ।

चित्र १ : अध्ययनमा परेको विद्यालयहरूको विद्यार्थी विवरण




## ४.१.२ छात्रवृत्ति वितरणको समय

इलाम जिल्लाको लक्ष्मीपुर स्रोत केन्द्र अन्तरगतका तीन वटा विद्यालयलाई यो शोध अध्ययनको केन्द्रमा राखी अध्ययन गर्ने क्रममा छात्रा छात्रवृत्ति वितरण प्रक्रियामा छात्रवृत्ति वितरण गर्ने समयको महत्वपूर्ण भूमिका रहेको हुँदा जुन सुकै काम पनि ठीक समयमा गर्दा मात्र त्यसको उपलब्धि वढी हुने हुँदा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्दा समयको पनि अध्ययन गर्नु पर्ने हुँदो रहेछ । कुनै पनि वस्तुको मूल्य एक निश्चित समयमा मात्र वढी (महत्वपूर्ण) हुन्छ । छात्रवृत्ति प्राप्त गर्ने र त्यस संग सम्वन्धित सरोकारवालाहरु संगको छलफल, अन्तरक्रिया, प्रत्यक्ष भेटघाट र भराइएको प्रश्नावलीको आधारमा धेरै जसो छात्रवृत्ति शैक्षिक सत्रो अन्त्यमा वितरण गर्ने गरेको पाइयो । अध्ययनमा परेका कतिपय विद्यालयले शैक्षिक शत्रको मध्यमा आएर छात्रवृत्ति विरण गरेको पाइएको छ भने केहीलेत शैक्षिक सत्रको अन्त्यमा पनि वितरण गरेको देखिन्छ । किन यसरी अन्त्यमा वितरण गर्ने गर्नु भएको ? भनी प्रश्न गर्दा सुरुमै छात्रवृत्ति वितरण गरिएमा विद्यार्थीहरु छात्रवृत्ति बुझे पछि विद्यालयमा नआउने विचैमा कक्षा छाड्ने, अन्तिम परीक्षामा मात्र सामेल हुने गरेकोले

यसो  गर्नु परेको भन्ने जवाफ पाइएको छ । अध्ययनमा परेका तीन वटा विद्यालयहरु मध्ये क कसले कहिले  कहिले छात्रवृत्ति वितरण गर्ने गरेका छन् ? भन्ने कुरालाई तालिका ५ वाट स्पष्ट पार्न खोजीएको छ ।

तालिका २ :  छात्रवृत्ति वितरणको समय

| समय | विद्यालय |
|---|---|
| शै.स.का.सुरुमा<br>शै.स.का अन्त्यमा | पूर्ण स्मारक उ.मा.वि., नन्द मा.वि.<br>सरस्वति मा.वि. |

स्रोत : विद्यालय अभिलेख, २०७२

मथिको तालिकाको अध्ययन गर्दा ३ मध्ये २ विद्यालयले छात्रा छात्रवृत्ति वितरण शै.स. को सुरुमा गर्ने गरेको छन् भने १ विद्यालयलेले शै.स. को अन्त्यमा छात्रवृत्ति वितरण गरेका छन् । स्थलगत सर्वेक्षणका आधारमा प्राप्त तथ्यांकलाई निम्न तालिकामा राखी छात्रवृत्ति वितरणको उपयुक्त समयको विश्लेषण गर्न खोजिएको छ ।

तालिका ३ : छात्रवृत्ति वितरणको समयका सम्बन्धमा सरोरकार बालाको भनाइ

| समय | शिक्षक | विद्यार्थी | प्र.अ. | अभिभावक |
|---|---|---|---|---|
| शै.स. को सुरुमा | ५ | १२ | १ | १० |
| शै.स. को अन्त्यमा | १ | ३ | २ | ५ |
| जम्मा | ६ | १५ | ३ | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

उपरोक्त तालिकालाई विश्लेषण गर्दा, विद्यालयहरुमा छात्रवृत्ति रकम कुन समयमा वितरण गर्दा उपयुक्त हुन्छ भनी सोधिएको प्रश्नमा ८३.३०% शिक्षक, ८०% विद्यार्थी, ३३% प्र.अ. र ६६.६६% नै अभिभावकले शैक्षिक सत्रको सुरुमा वितरण गर्नु उपयुक्त हुन्छ भनेका छन् । शैक्षिक सत्रको अन्तमा वितरण गरिनु उपयुक्त हुन्छ भन्नेमा १६.७०% शिक्षक, २०% विद्यार्थी, ६७% प्र.अ. र ३३.४४% अभिभावकहरु रहेका छन् । यस वाट छात्रवृत्ति वितरण कार्य शैक्षिक सत्रको सुरुमै गर्नु उपयुक्त हुने देखिन्छ । शैक्षिक सत्रको सुरुमा वितरण गरिएको छात्रवृतिले विद्यार्थीहरुको पठन पाठनमा सहयोग पुग्ने देखिन्छ । अर्थ अभावले विद्यालय पोसाक र अन्य स्टेसनरी सामाग्री खरिद गर्नमा समेत छात्रवृतिले सहयोग गर्ने हुँदा शैक्षिक सत्रको सुरुमा वितरण गरिने छात्रवृतिले

विद्यार्थीलाई विद्यालयमा भर्ना गर्न हौसला समेत प्रदान गर्दछ भन्नेमा धेरै सरोकारवालाको मतैक्यता रहेको छ ।

### ४.१.३ छात्रा छात्रवृत्तिको प्रकार

नेपाल सरकारले विद्यालय तहमा प्राथमिकदेखि माध्यमिक तहसम्म विभिन्न खाले छात्रवृत्ति प्रदान गर्ने गरेको छ । यस्ता छात्रवृत्तिहरूमा बालिका छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति र सीमान्तकृत छात्रवृत्ति रहेक छन् । दुर्गम क्षेत्रमा अध्ययनरत बालबालिकाहलाई समेत छात्रवृत्तिको व्यवस्था गरिएको छ । विकट पहाडी क्षेत्र जस्तै कर्णाली अञ्चलमा विद्यालय तहमा अध्ययन गर्ने बालबालिकालाई कुनै न कुनै रुपमा छात्रवृत्ति दिई विद्यालय जाने अवस्थाको सृजना गरिएको छ । यसरी प्राप्त भएका विभिन्न प्रकारका छात्रवृत्तिलाई विद्यालयले नगद वा जिन्सीका रुपमा प्रदान गरेको पाइयो । अध्ययनमा परेका विद्यालयहरूको छात्रवृत्ति का प्रकारलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : छात्रा छात्रवृत्तिको प्रकार (निम्नमाध्यमिक तह ६-८)

| क.स. | विद्यालयको नाम | वितरण गरिएको छात्रवृत्तिको प्रकार | | |
|---|---|---|---|---|
| | | नगद | जिन्सी | दुवै |
| १ | पूर्ण स्मारक उ.मा.वि. | नगद | | - |
| २ | नन्द मा.वि. गोदक | नगद | | - |
| ३ | सरस्वति मा.वि. | नगद | | - |

स्रोत : विद्यालय अभिलेख, २०७२

विभिन्न विद्यालयका प्रधानाध्यापकसंग सोध पुछ गर्दा सवै विद्यालयमा छात्रा छात्रवृत्ति रकम नगदै वाड्ने गरेको पाइयो । दलित छात्रवृत्ति कक्षा (१–८) मा प्रति विद्यार्थी रु ५००।- वालिका छात्रवृत्ति कक्षा (१–८) मा प्रति विद्यार्थी रु ५००।- का दरले शिक्षा कार्यलयवाट प्राप्त हुने गरेकोमा बालिका छात्रवृत्ति र दलित छात्रवृत्ति विद्यालयमा भर्ना भएको आधारमा सवैले प्राप्त गर्ने गरेको तर ढिलो भर्ना भएकालाई रकम निकासा नहुदा विद्यालयकै स्रोतवाट कतिपयले दिने गरेको पाइयो । अपाङ्ग र सीमान्तकृत छात्रवृत्ति रकम शिक्षा कार्यलयको निकासा अनुसार नै दिने गरेको छ ।

छात्रवृत्ति वितरण गर्दा कतिपय विद्यालयहरुले वि.व्य.स. र पि.टि.ए. का पदाधिकारी र शिक्षकहरको उपस्थितिमा अभिभावकहरु वोलाई सामूहिक रुपमा वितरण गर्ने गरेको पाइयो । भने कतिपय विद्यालयहरुले वर्ग शिक्षकको सहयोगमा प्रत्येक कक्षामा व्यक्तिगत रुपमा छात्रवृत्ति वितरण

गरेको पाइयो । छात्रवृत्ति वितरण प्रक्रिया कस्तो हुनु पर्छ भनी गरिएको मत सर्वेक्षणमा धेरैको राय सामूहिक रुपमा वितरण गर्दा प्रभावकारी हुने, विद्यालय भर्ना नभएका बालबालिकाका अभिभावक सम्म जानकारी पुग्न सक्ने, निरक्षर अभिभावकहरुमा समेत छात्रवृत्ति प्राप्त गर्ने अभिलाषाले विद्यालय पठाउने गर्दछन् भन्ने देखियो भने केहीले व्यक्तिगत रुपमा विद्यार्थीलाई नै पोसाक वा अन्य स्टेसनरी दिदा राम्रो हुने भन्ने गरेको पाइयो भने केहिले नगदै दिदा आवश्यकता अनुसार खर्च गर्न सकिने राय व्यक्त गरे । छात्रवृत्ति वितरण प्रक्रियामा शिक्षकलाई वढी जिम्मेवार बनाई विद्यालय नआउने नानीहरुलाई घरदैलो कार्यक्रम मार्फत विद्यालयको ढोका सम्म ल्याई विद्यालय शिक्षामा सवैको पहुँच पुऱ्याउने जस्ता कार्यक्रमहरु पनि केही विद्यालयहरुले गर्ने गरेको पाइयो ।

## ४.१.४ रकमको पर्याप्तताको अवस्था

नेपाल सरकारबाट वितरण गरिदै आएको छात्रवृत्ति के कति पर्याप्त छ ? के अहिलेको आकाशिदो महंगीमा उक्त रकम पर्याप्त छ ? र तपाईहरूले के कति छात्रवृतिरकम बुझ्ने गर्नु भएको छ ? भनी गरिएको प्रश्नमा सरोकारवाला अभिभावक, विद्यार्थी शिक्षक, प्र.अ. को लगभग एकै प्रकारको जवाफ पाइयो । अध्ययनमा परेका विद्यालयका प्र.अ.बाट आएको उत्तरलाई विश्लेषण गर्दा छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्दछ भन्ने १०० प्रतिशत प्र.अ. हरू रहेको पाइयो त्यस्तै अभिभावकसँग प्रत्यक्ष भेटघाट र प्रश्नावली भराउँदा अहिलेको यो महंगीमा त्यति सानो रकमले आफ्नो नानीहरूलाई २ महिनाको स्टेसनरी समेत किन्न नपुग्ने हुँदा दिइस दिएँ भन्ने अर्थमा छात्रवृत्ति दिनुको अर्थ नरहेको हुँदा दिइने छात्रवृत्ति रकम वृद्धि गरिनु पर्दछ भन्ने १०० प्रतिशत अभिभावकहरू रहेका पाइयो । विद्यालयहरूले शिक्षा कार्यालय मार्फत प्रापत गरेको छात्रवृत्ति रकम निम्नानुसार हुने गरेको रहेछ ।

तालिका ५ : छात्रवृत्ति रकमको दर

| छात्रवृत्तिको प्रकार | छात्रवृत्ति रकम |
|---|---|
| दलित | ५००।- |
| वालिका | ५००।- |
| अपाङ्ग | १००० देखि २५००।- सम्म |
| सिमान्तकृत | ५००।- |
| गरिब तथा जेहेन्दार | ५००।- देखि १७००।- सम्म मा.वि. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

उपरोक्त तालिकाको तथ्याङ्कहरूलाई विश्लेषण गर्दा यो अनुसन्धानको उद्देश्य प्राथमिक तहको छात्रवृत्तिको प्रभावकारिता रहेको हुँदा गरिब तथा जेहेन्दार छात्रवृत्ति भनी माध्यमिक तहमा वितरण गरिने छात्रवृत्तिमा त्यति गहिरिएर अध्ययन गरिएन । अन्य छात्रवृत्तिका अपाङ्ग छात्रवृत्तिलाई अपाङ्गतालाई क, ख, ग र घ श्रेणीमा विभाजन गरि न्यून्तम रु १०००।- देखि अधितम रु २५००।- सम्म वितरण हुने गरेको पाइयो । अध्ययनमा परेका विद्यालयहरू मध्ये पुर्ण स्मारक उ.मा.वि. ले क श्रेणीको अपाङ्ग छात्रवृत्ति २ जनालाई र घ श्रेणीमा परको १ जनालाई बाँडेको देखियो । त्यस्तै सिमान्तकृत छात्रवृत्ति पनि स्वही विद्यालयका ३ जना लाप्चा समुदायिक बालबालिकालाई वितरण गरेको पाइयो । माथि उल्लेखित रकमका सम्बन्धमा विद्यार्थी, अभिभावक, प्र.अ., समेतलाई सोधपुछ गर्दा उक्त रकम अत्यान्तै न्यून रहेको हुँदा वृद्धि गरिनु पर्ने सुझाव समेत प्राप्त भयो । यसका साथै कतिपय विद्यालयले यसरी आएको छात्रवृत्ति समेतलाई दामासहिले वितरण गर्दा अझै न्यून हुने गरेको छ । कहिले कहि तोकिएको रकम भन्दा कम निकासा दिने हुँदा घटाएरै पठाउँदा उक्त रकम न्युन हुने गरेको पाइयो ।

## ४.१. ५ छात्रा छात्रवृत्तिको सदुपयोग

नेपाल राष्ट्रमा शिक्षाको पहुँचवाट टाठा रहेका विद्यालय उमेर समूहका बालबालिका हरुलाई प्राथमिक तहको शिक्षामा पहुँच पुऱ्याउन सरकारी निकायवाट विभिन्न किसिमका छात्रवृत्ति रकम वितरण गरिदै आएको छ । पठनपाठनको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक सामाग्री को व्यवस्था गर्न नसक्ने लैङ्गिक विभेदका कारण शिक्षाको पहुँचवाट टाढा रहेका, जातीय वा सामाजिक रूपले पछि पारिएका, शारीरिक रूपले अशक्त बालबालिकाहरूलाई विद्यालय प्रवेश गराउन र वीचैमा कक्षा छाडने प्रवृतिलाई निरूत्साहित गर्ने उद्देश्यले छात्रवृत्ति रकमको वितरण हुँदै आएको छ । सचेत अभिभावकले छात्रवृत्ति रकम लाई बालबालिकाको शिक्षामानै खर्च गर्ने गरेका छन् भने केही अशिक्षित अभिभावकहरूले उक्त रकमको सही सदुपयोग गरेको पाँईदैन । छात्रवृत्ति रकम बुझेको वेलुका घर आउँदा उक्त रकम शिक्षामा खर्च नगरि अन्यत्रै लापारवाही पूर्ण तरिकाले खर्च गरेको समेत भेटिएको छ । तपाईका बालबालिका ले प्राप्त गरेको रकम के काममा खर्च गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा अभिभावकहरु वाट प्राप्त उतरलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ६ : छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत

| शिर्षक | पठन पाठनमा | घर खर्चमा | फजुल खर्चमा | ऋण तिर्नमा |
|---|---|---|---|---|
| अभिभावक संख्या | १० | ३ | १ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

छात्रवृत्ति रकम के काममा खर्च गर्नु हुन्छ ? भनी १५ जना अभिभावकलाई सोधिएको प्रश्नमा १० जनाले पठा पाठनको लागि आवश्यक सामग्री किन्न प्रयोग गर्ने गरेको, ३ जना घरखर्चमा खर्चेको, १ जनाले फजुल खर्च र १ जनाले ऋण तिर्नमा खर्चेको भन्ने भनाइ देखिइएवाट वितरण गरिएको छात्रा छात्रवृतिको मात्र ६६.६६ % ले पठन पाठनमा खर्चदा रहेछन् वाकी ३३.३४% रकम लगभग दुरुपयोग भएको देखिन्छ ।

शिक्षामा  छात्रवृतिको असर थाहा पाउने अस्त्रको रुपमा उपयोगिता महत्वपूर्ण पक्ष हो । छात्रवृत्ति कार्यक्रमले विद्यालयका अध्ययन गर्ने बालबालिका लाई कति प्रेरित गरेको छ भनी विश्लेषण गर्न आवश्यक हुन्छ । अध्ययन वाट छात्रवृत्ति रकमको उपयोगितामा पहिचान गरिएका मुख्य क्षेत्रहरुमा बालबालिकाको शिक्षामा प्रयोग, बालबालिकाको परिवारमा प्रयोग उनिहरुका अभिभावकद्धारा दुरुपयोग र अभिभावकद्धारा घरायसी प्रयोजनमा प्रयोग हने गरेको छ । वालिकाको शिक्षामा प्रयोग गर्ने क्रममा विद्यालय पोशाक खरिदमा विद्यालयका लागि आवश्यक पुस्तक, कपि, विद्यालय झोला आदि खरिदमा, बालबालिकाको लागि खाजा खर्च तिर्न रहेको छन् । छात्रवृत्ति वितरणवाट प्राप्त रकमको सहि सदुपयोगको रुपमा यस्ता कार्यलाई लिन सकिन्छ ।

स्थलगत रुपमा प्राप्त सूचनाहरुका आधारमा हेर्दा घर खर्च वा परिवारिक व्यावसाय चलाउनमा समेत छात्रवृत्ति रकमको प्रयोग गर्ने गरेका छन् । यस्ता खर्चमा खाद्यान खरिगं ऋण तिर्न र परिवारका अन्यसदस्यहरुलाई लताकपडा किन्नमा समेत खर्च हुने गरेको छ ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका आमावावु वा अभिभावकहरुवाट छात्रवृत्ति रकमको दुरुपयोग समेत हुने गरेको छ । यस्तो हुनाको कारणमा छात्रवृत्ति रकमको उपयोगिता सम्बन्धमा कडा निर्देशन र निरीक्षण नहुनु रहेको छ । छात्रवृत्ति रकम अभिभावकवाट दुरुपयोग हुनुमा मादक पदार्थ, लागुपदार्थ र चुरोट आदिको खरिद गर्नमा, तास जुवा खेल्नमा र आफूलाई मन पर्ने अन्य क्षेत्रमा खर्च गरेर गर्ने गरेको छन् । यसका अलावा विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुवाट समेत तोकेर आएजति रकम विद्यार्थीलाई वितरण नगरेको अभिभावकलाई पाउनु पर्ने वास्तविक रकमको

सूचना दिने नगरेकोले छात्रवृत्ति दुरुपयोग हुने गरेको भनीएता पनि अध्ययनमा परेका विद्यालयका सरोकारवाला संगको प्रतक्ष्य भेटघाटमा यसरी छात्रवृत्ति रकम दुरुपयोग हुने नगरेको भन्ने पाइयो । छात्रवृत्ति रकम कसले बुझने गरेका रहेछन्  भनी अध्ययन गर्दा धेरै जसो विद्यालयले वावुआमा वा अभिभावकको उपस्थितिमा विद्यार्थीलाई नै रकमै वा जिन्सी बुझाउने गर्दा रहेछन् भने केहीले विद्यार्थीहरुलाई नै छात्रवृत्ति रकम वा जिन्सी सामग्री दिने गरेका रहेछन् । छात्रवृत्ति रकम अभिभावकले बुझदा केही विद्यार्थीहरुले आफू खुसी नभएको गुनासो गरे भने शिक्षकले र अभिभावकहरुले चाहि छात्रवृत्ति रकम बालबालिका ले नबुझी अभिभावकले नै बुझनु पर्ने राय प्रकट गरे यसमा उनीहरुले के तर्क रहेको छ भने आफना नानीहरुलाई शिक्षित बनाउने जिम्मेवारी आमा वावुको नै हुने हुँदा उनीहरुले नै छात्रवृत्ति रकम बुझेर आफनो पारिवारिक अवस्था अनुसारको निर्णय गरि खर्च गर्न सक्ने हुँदा यस्तो विधि उपयुक्त हुने राय व्यक्त गरेका छन् ।

## ४.१.६ छात्रा छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता

विद्यालयमा प्राप्त छात्रवृत्ति कुन समयमा वितरण गर्दा उपयुक्त हुन्छ भनी खोज गर्ने कार्य गरियो । विशेष गरि प्राथमिक तहमा विद्यार्थीहरूको भर्नादर घटी रहेको हुँदा प्रवेश सँगसँगै छात्रवृत्ति वितरण गरिएमा बालबालिकाको विद्यालय सम्मको पुहँच बढने हुँदा धेरै विद्यालयहरूले भर्नाकै समयमा छात्रवृत्ति वितरण गर्ने रणनीति अवलम्वन गरेको पाइयो । अध्ययनमा परेका विद्यालय मध्ये कुन विद्यालय कुन समयमा छात्रवृत्ति वितरण गर्ने गरेका छन् र उक्त समयमै छात्रवृत्ति वितरण गर्नुमा के रहस्य छ  भनी अन्तरक्रिया गर्दा प्राप्त तथ्याङ्क तालिका  नं. २ बाट हेर्न सकिन्छ । ऊ तालिकालाई विश्लेषण गर्दा ५० % विद्यालयहरूले शैक्षिक सत्रको सुरुमै छावृत्ति वितरण गर्ने गरेको पाइएबाट वास्तवमा छात्रवृत्ति वितरणको उपयुक्त समय शेक्षिक सत्रको सुरुमै हुने देखिन्छ तापनि शैक्षिक सत्रको सुरुमा छात्रवृत्ति वितरण गर्दा कतिपय अभिभावकले छात्रवृत्ति वितरण गर्दा कतिपय अभिभावकले छात्रवृत्ति प्राप्ति कै लागि एक भन्दा बढी विद्यालयमा आफ्नो नानीहरू भर्ना गरि छात्रवृत्ति रकम बुझ्ने तर विद्यालय नपठाउने हुँदा कक्षा छाड्ने दरमा वृद्धि भएको पाइयो । अध्ययनमा परेका विद्यालयहरू मध्ये एकतिहाई विद्यालयले शैक्षिक सत्रको मध्यमा छात्रवृत्ति बाँडेको पाइयो । जसमा कम्तिमा उक्त समयसम्म विद्यार्थीहरू छात्रवृत्ति पाउने आशामा विद्यालयमा नियमित हुने गरेका पाइयो । शैक्षिक सत्रको अन्त्यमा छावृत्ति वितरण गर्ने एउटा मा विद्यालय रहेकोमा किन अन्त्यमा वितरण गर्नु भएको भनी सम्बन्धित विद्यालयका प्र.अ.सँग अन्तरक्रियामा प्राविधिक कठीनाइका कारण अर्थात वि.व्य.स. नरहेकाले यस वर्ष ढीलो भएको हो नत्र अन्य वर्षमा

शै.स. को सुरुमै छात्रवृत्ति वितरण गर्ने गरेको र त्यसो गर्दा उक्त छात्रवृत्ति वापत प्राप्त रकमले विद्यार्थीहरूले आवश्यक स्टेशनरी सामग्रीहरू बेलैमा खरिद गरी शिक्षण सिकाइमा सघाउ पुग्ने देखिने हुँदा समेत छात्रवृत्ति रकमलाई शैक्षिक सत्र सुरु भए लगतै वितरण गरिनु नै उपयुक्त हुने देखिन्छ ।

### ४.१.७ छात्रा छात्रवृत्ति वितरणमा पारदर्शिता

विद्यालयका हरेक काम कारवाही पारदर्शी हुन पर्दछ । अझ आर्थिक पारदर्शिता भएन भने विद्यालय व्यवस्थापन अनियमितताको भूमरीमा फस्न सक्छ तसर्थ अनुसन्धानको क्रममा छात्रवृत्ति वितरण गर्दा विद्यार्थीको छनौट प्रक्रिया, वितरण प्रणालिमा मापदण्डको निर्धारण वितरणमा शिक्षक स्टाफहरूको संलग्नता, वि.व्य.स. पदाधिकारीहरूको सक्रियता जस्ता कुराहरूलाई आधार मानि अध्ययन गरिएको छ । हरेक विद्यालयले छात्रवृत्ति वितरण गर्न पूर्व कुन प्रकारको छात्रवृत्ति के कति मात्रमा प्राप्त भएको छ भनी एकिन गरे पश्चात छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो । यसबाट छनौट प्रक्रियामा पारदर्शिता रहेको देखिन्छ । तर छात्रवृत्ति वितरण गर्दा कोटामा तोकिए बमोजिम रकम निकाशा नहुँदा केही कम रकम काड्नु पर्दा आर्थिक हिनामिना भएको पो हो की भन्ने लागेता पनि अध्ययनमा परेका विद्यालयहरूले निकासा कै कम आएर वा दामासहिले वितरण गर्दा तोकिएका विद्यार्थीहरूले तोकिएको रकम नपाउने गर्नाले विद्यार्थी र अभिभावकबाट विद्यालय प्रति छात्रवृत्तिको वितरणमा केही अनियमितता भएको भन्ने आभाष रहेको पाइयो ।

### ४.१.८ वितरण प्रणालीमा मापदण्डको निर्धारण

विद्यालयहरूले शिक्षाकार्यलयमा पठाएको तथ्याङ्कका आधारमा छात्रवृत्ति रकम निकासा हुने गरेको तर विवरण पठाइसके पछि भर्ना भएका विद्यार्थीलाई छात्रवृत्ति रकम नआउने र शिक्षा कार्यालय मै तोकिए भन्दा कम रकम निकासा गर्ने गर्दा विद्यालयले छात्रवृत्ति वितरणमा केही मात्र दण्ड निर्धारण समेत गर्ने गरेको पाइयो । यसमा नियमितता, सरसफाई, अनुशासन, गरिब तथा जेहेन्दार जस्ता कुरालाई आधारमानि शिक्षा कार्यालयले दिने रकमको अलावा विद्यालय आफैले विद्यालय कोषबाट समेत बार्षिक उत्सवको अवसर पारेर थप छात्रवृत्तिहरू नगदै वा जिन्सीको रुपमा समेत वितरण गर्ने गरेको पाइयो ।

### ४.१.९ अनुगमन र सुपरिवेक्षण

कुनै पनि कार्यक्रमको प्रभावकारिता त्यसमा गरिने निरन्तरको अनुगमन र सुपरिवेक्षणमा भर पर्दछ। अध्ययनमा परेका विदालयका प्रधानाध्यापकहसँग गरिएको छलफलमा छात्रवृत्ति वितरण कै लागि भनी कुनै त्यस्तो अनुगमन र सुपरिवेक्षण हुने नगरेता पनि माथिल्ला निकायबाट विद्यालयमा पुगेका अधिकारीहरूबाट छात्रवृत्ति वितरणको अवस्था कस्तो छ ? छात्रा छात्रवृत्ति पाएका छात्रछात्राहरूको नियमितता र उनीहरूको सिकाइ उपलस्थिति बारेमा चासो राख्ने गरेको पाइयो। कार्यक्रमको आयोजन गरि छात्रवृत्रि वितरण गर्ने गरेका विद्यालयहरूले छात्रवृत्ति वितरणका दिन त्यस प्लाष्टिकका विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई आमन्त्रण गर्ने गरेका रहेछन्। विद्यालयका शिक्षकहरूबाट चाहि छात्रवृत्ति प्राप्त गरेका रहेछन्। विद्यालयका शिक्षकहरूबाट चाँहि छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू नियमित भए नभएको, पठाइमा ध्यान दिने गरे नगरेको जस्ता कुरामा गम्भीरता पूर्वक चासो लिने गरेको र त्यस्ता विद्यार्थीको अभिभावकसँग समेत बेलबेलामा भेटघाट गरी विद्यार्थी बारे सोधपुछ गर्ने गरेको पाइयो।

### ४.१.१० नीतिगत निर्देशन

छात्रवृत्ति छनौट प्रक्रियादेखि त्यसको पारदर्शिता र वितरण प्रक्रिया समेतमा निश्चित नीति निर्देशनहरू दिइएको हुन्छ। यस्तो निर्देशन  शिक्षा कार्यलय माफर्त हरेक विद्यालयले प्राप्त गर्नु पर्ने हुन्छ। तर अध्ययनको छनौटमा परेका विदालयका प्रधनाध्यापकसँग यस सम्बन्धमा सोधपूछ गर्दा बेलाबेलामा जिल्ला शिक्षा कार्यलयबाट परिपत्र गरी फलाना फलाना शीर्षकमा यस्तो छात्रवृत्ति प्राप्त गर्ने भएको हुँदा वितरण गरी सो को जानकारी जि.शि. कार्यालयमा गराउनु होला भन्ने व्यहोराको सर्कुलर बाहेक छात्रवृत्ति वितरण सम्बन्धि निर्देशिका विद्यालयहरूमा उपलब्ध नभएको पाइयो। यसबाट कुन समयमा के कसरी छात्रवृत्ति छनौट र वितरण गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा स्वंय विद्यालय प्रशासन नै अनभिज्ञ रहेको पाइएको हुँदा आफैले नियम बनाइ दामासहिले वितरण गर्ने, नगद नदिएर जिन्सी दिने गरेकोबाट यसको प्रभावकारिता र पारदर्शितामा नै गम्भीर प्रश्न चिह्न खडा गरेको पाइयो।

### ४.१.११ चेतना

अध्ययनको छनौटमा परेका विद्यालयहरू ग्रामीण भेगका रहेका हुँदा छात्रवृत्ति रकम प्राप्त गर्ने तरिका, खर्च गर्ने तरिका, विद्यार्थीको विद्यालयमा निरन्तरता जस्ता पक्षमा विद्यालयमा पुगी

शिक्षक, विद्यार्थी र अभिभावकसँग छलफल चलाउँदा अभिभावकहरू मध्ये कतिले विद्यालयले खवर नगरेको गुनासो गरे भने कतिले आफ्नो बच्चाले झोला भिरेर वा ड्रेस बोकेर घर पुग्दा आश्चर्य मान्दै कसले दियो? किन दियो? जस्ता प्रश्नहरू गर्ने गरेकोबाट आम अभिभावक र विद्यार्थीहरूमा समेत छात्रवृत्तिको सम्बन्धमा त्यति धेरै चेतना स्तर नरहेको देखिन्छ ।

छलफलमा सहभागी कतिपय अभिावकहरूले आफ्नो गाउ घरमा खुलेका गैर सरकारी संस्थाहरूले उनीहका लागि नानीरूलाई शिक्षामा गरिरहेको लगानी हेर्दा विद्यालयले दिने न्यूनतम राशीको छात्रवृत्तिले खासै सहयोग नगर्ने हुँदा छात्रवृत्ति प्राप्तिको होडमा नलाग्ने गरेको भन्ने पाइयो । केही पढेलेखेका बाबुआमा छात्रवृत्तिले थोरै भए पनि उनीहरूको सिकाइमा सकारात्मक परिवर्तन ल्याउने हुँदा वर्गीकरण गरेर छात्रवृत्ति दिइनु भन्दा पनि सबैलाई दिदा उपयुक्त हुने विचार व्यक्त गरेकोबाट उनीहरू छात्रवृत्ति प्राप्त सचेत रहेको देखिन्छ ।

## ४.२ छात्रा छात्रवृत्तिको सामाजिक दृष्टिकोण

अन्य किसमको छात्रवृत्तिको कार्यक्रम पहिले देखि नै प्रदान गरिदै आएको भएता पनि छात्रा छात्रवृत्ति कार्यक्रम पछिल्लो समयमा मात्र लागू गरिएको हो । यस किसीमको छात्रवृत्तिप्रति आम सरोकारवलाहरूको सामजिक दृष्टिकोण के कस्तो रहेको छ त भन्ने सवलमा पनि अध्ययन गरियो यसका लागि वि.व्य.स. अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकको धारणालाई समेटिएको छ ।

### ४.२.१ छात्रा छात्रवृत्ति प्राप्तिमा सरोकारवालाको धारणा


विद्यालयले वितरण गर्ने छात्रवृत्ति रकम सम्बन्धमा धेरै जसो अभिभावकहरू सचेत रहेको पाइयो । छात्रवृत्ति रकम कसलाई दिन उपयुक्त होला ? भनी विद्यार्थीहरूको अभिभावक (आमा/बुबा) शिक्षकलाई सोधिएको प्रश्नमा प्राप्त उत्तरका आधारमा छात्रवृत्ति प्राप्तिमा रहेको मनोवैज्ञानिक पक्षको समेत व्याख्या गरिएको छ । उपरोक्त प्रश्नबाट प्राप्त उत्तरलाई निम्न तालिकामा राखिएको छ ।

तालिका ७ : छात्रा छात्रवृत्ति प्राप्तिमा सरोकारवालाको धारणा

| | विद्यार्थीलाई | बाबुलाई | आमालाई | अन्यलाई |
|---|---|---|---|---|
| विद्यार्थी | १० | १ | ३ | १ |
| शिक्षक | २ | ० | ४ | ० |
| अभिभावक | ६ | ३ | ६ | ० |
| प्र.अ. | १ | ० | २ | ० |
| वि.व्य.स. अध्यक्ष | ० | ० | ३ | ० |

उपरोक्त तालिकालाई विश्लेषण गर्दा ६६.६६% विद्यार्थीले छात्रवृत्ति रकम आफैले प्राप्त गर्न पाउनु पर्ने राय व्यक्त गरे भने ६.६६ प्रतिशत विद्यार्थीले बुवालाई २० प्रतितशत ले आमालाई र ६.६६ प्रतिशतले अन्य कसैले बुझे पनि फरक नपर्ने भन्ने जवाफ दिए । शिक्षकहरूलाई सोधिएको प्रश्नमा ३३.३३ प्रतिशत शिक्षकले विद्यार्थी आफैलाई र ६६.६६ प्रतिशत शिक्षकले विद्यार्थीको आमालाई दिनु पर्ने उत्तर दिए त्यस्तै ४० प्रतिशत अभिभावकले विद्यार्थी स्वयमलाई तथा आमालाई र २० प्रतिशत अभिभावकले बुवालाई रकम बुझाए पनि हुने मत जाहेर गरे । त्यसै गरि ३३.३३ प्रतिशत प्र.अ. हरूले विद्यार्थीलाई नै रकम वुझाए पनि हुने तथा ६६.६६ प्रतिशत प्र.अ.ले आमालाई वुझाउनु पर्ने राय व्यक्त गरे । १०० प्रतिशत नै वि.व्य.स. अध्यक्षहरुले आमालाई नै छात्रा छात्रवृत्ति प्रदान गर्नु पर्ने मत जाहेर गरे । प्राप्त तथ्यलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र २ : छात्रा छात्रवृत्ति प्राप्तिमा सरोकारवालाको धारणा



माथिको स्थम्भ चित्रबाट प्राप्त तथ्याङ्कको विश्लेषणलाई मनोवैज्ञानिक रुपमा हेर्दा छात्रवृत्ति रकम सकभर आफैले प्राप्त गर्न पाएमा आफ्नै किसिमले खर्च गर्न सकिन्थ्यो, मन लागेको सामग्री किन्न र खानेकुरा खान पाइन्थ्यो भन्ने देखिन्छ भने शिक्षकले आमालाई दिएमा फूर्मासी नगर्ने, आफ्नो बालबालिकाके अध्ययन मै खर्च गर्न सक्ने देखिन्छ भने अभिभवकहरू पनि आफ्नो नानीहरूको सम्पूर्ण व्यवस्थापन आफैले गर्नु पर्ने हुँदा छात्रवृत्ति रकम पनि आफैले पाउनु पर्ने राय व्यक्त गर्छन । त्यस्तै ४० प्रतिशत अभिभावकहरूको धारणा चाहीं बच्चालेनै लेओस र आफूलाई लागेको वस्तु किनोस् भनी बढी माया-ममता देखाउन विद्यार्थीलनै बुझ्नु उपयुक्त हुने धारणा व्यक्त गरेको पाइयो ।

## ४.२.२ छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा

छात्रा छात्रवृत्ति वितरणको सम्बन्धमा अभिभावकहरुलाई तपाइहरुको धारणा सकारात्मक वा नकारात्मक के छ ? भनी सोधिएको प्रश्नमा उनीहरुले मिश्रित उत्तर दिएका थिए । उनीहरुले दिएको उत्तरलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः


तालिका ८ : छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा

| धारणा | अभिभावक सङ्ख्या |
|---|---|
| सकारात्मक कार्य | ९ |
| नकारात्मक कार्य | ३ |
| थाहा छैन (अनविज्ञता ) | ३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

उपयुक्त तालिका अनुसार छात्रा छात्रवृत्ति सम्बन्धी धारणा व्यक्त गर्ने क्रममा ८० प्रतिशत अभिभावकले यो कार्यक्रम सकारात्मक रहेको भनि कार्यक्रमको प्रशंसा गरे २० प्रतिशत अभिभावकले नकारात्मक कार्य हो भनी मतजाहेर गरे । यसको अलावा छात्राहरुलाई अन्य व्यवस्था गर्नु पर्ने उनीहरुको धारणा थियो । त्यस्तै २० प्रतिशतले अनविज्ञता प्रकट गरे । यसबाट यो प्रष्ट हुन्छ की विद्यालयमा वितरण गरिने छात्रा छात्रवृत्तिले अभिभावकहरुलाई सकारात्मक कार्य गर्न सहयोग पुऱ्याएको छ । आफ्ना बालबालिकाहरुको पढाइ प्रति खर्च गर्न सहयोग पुगेको कुरा बुझ्न सकिन्छ । प्राप्त तथ्याङ्कलाई निम्नानुसार चित्रमा देखाउन सकिन्छ :

चित्र ३: छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको धारणा




## ४.२.३ छात्रा छात्रवृत्ति वितरणमा प्र.अ. तथा शिक्षकको धारणा

यस अध्ययनको क्रममा छनौटमा परेका विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई छात्रा छात्रवृत्तिको सम्बन्धमा कस्तो दृष्टिकोण रहेको छ ? आफ्नो धारणा व्यक्त गरिदिनुस भनी राखिएको प्रश्नमा उनीहरुले दिएका उत्तरलाई निम्नानुसार तालिका बद्ध गरिएको छ :

तालिका ९: छात्रा छात्रवृत्ति वितरणमा प्र.अ. तथा शिक्षकको धारणा

| उत्तरदाता | अतिराम्रो कार्यक्रम | राम्रो कार्यक्रम | सामान्य |
|---|---|---|---|
| प्र.अ | २ | १ | ० |
| शिक्षक | ४ | १ | १ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

प्रस्तुत तालिका अध्ययन गर्दा ६६.६६प्रतिशत प्र.अ. हरुले छात्रा छात्रवत्ति कार्यक्रम अतिराम्रो कार्यक्रम हो भी आफ्नो धारणा व्यक्त गरेको पाइयो । त्यस्तै शिक्षकहरु पनि अति राम्रो कार्यक्रम भएको कुरा व्यक्त गर्ने ६६.६६ प्रतिशत नै रहेको पाइयो । १६.६६ प्रतिशत शिक्षकले मात्र यो कार्यक्रम सामान्य भएको व्यक्त गरे । यस वाट पनि छात्रा छात्रवृत्ति कार्यक्रम एउटा अति आवश्यक कार्यक्रम भएको र यसले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा बृद्धि हुने कुरा अनुमान गर्न सकिन्छ ।

### ४.२.४ छात्रा छात्रवृत्ति वितरणमा विद्यार्थीहरुको धारणा

छात्रा छात्रवृत्ति वितरण कार्यको सम्बन्धमा छात्रवृत्ति रकम बारे विद्यार्थीहरुलाई पनि आफ्नो धारणा राख्नको लागि अनुरोध गरिएको थियो । विद्यार्थीहरुले व्यक्त गरेका धारणाहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तलिका १०: छात्रा छात्रवृत्ति वितरणमा विद्यार्थीहरुको धारणा

| धारणा | विद्यार्थी सङख्या |
|---|---|
| रकम धेरै भयो | १ |
| रकम ठिक्क छ | ५ |
| रकम अपुग | ९ |

उपयुक्त तालिका अनुसार रकम धेरै हो भन्ने विद्यार्थी ६.६६ प्रतिशत मात्र रहेको पाइयो त्यस्तै छात्रवृत्ति रकम ठिकै छ भन्ने विद्यार्थी संख्या ३३.३३ प्रतिशत र रकम अपुग भयो भन्ने विद्यार्थी संख्या ६० प्रतिशत रहेको पाइयो । यस तथ्यलाई विश्लेषण गर्दा हालको छात्रा छात्रवृत्तिको रकम रु ५०० बाट बृद्धि गर्नुपर्ने आवश्यक देखिन्छ । कतिपय गरिब परिवारका बालिकाहरुलाई पढाइ खर्च अपुग भइ रहेको अवस्थामा छात्रवृत्ति रकम वृद्धि भएमा उनीहरुको आर्थिक भारमा टेवा पुग्ने देखिन्छ ।

### ४.२.५ विभिन्न सरोकारवालाबाट आएका धारणा

विभिन्न सरोकारवालाबाट आएका धारणाको आधारमा छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरू छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरू रहेका छन्, यसको सहि समाधानका उपयाहरू के हुन सक्छन् भनी शिक्षक,प्र.अ., अभिभावक, स्रोतव्यक्ति र विद्यार्थीहरूबाट प्राप्त धारणाहरूमा जि.शि.का. वाट छात्रवृत्ति रकम समय मै उपलब्ध गराइनु पर्ने, हरेक विद्यालयमा छात्रवृत्ति निर्देशिका उपलब्ध हुनु पर्ने, विद्यालयमा छात्रवृत्ति वितरणको लागि एक समिति गठन गरिनु पर्ने, छात्रा छात्रवृत्ति वितरणमा अभिभावकको अनिवार्य सम्लग्नता हुनु पर्ने, छात्रा छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने, विद्यालयमा नियमित उपस्थित हुने बालबालिका लाई मात्र छात्रवृत्ति वितरण गरिनु पर्ने, छात्रा छात्रवृत्ति पाएका विद्यार्थीको शैक्षिक उपलब्धिको अभिलेख विद्यालयले अनिवार्य रुपमा राख्नुपर्ने, रकम अपुग भएमा माग अनुसार जि.शि.का. ले थप रकम निकाशा गर्नु

पर्ने जस्ता धारणा पाइएको छ साथै विद्यार्थीको आवश्यकता अनुसार शीर्षक परिवर्तन गरि छात्रवृत्ति वितरण गर्न पाउनु पर्ने, छात्रा छात्रवृत्तिको किसिम र रकम वारे अभिभावकलाई जानकारी गराइनु पर्ने, छात्रा छात्रवृत्ति रकमको वितरण शैक्षिक सत्रको सुरुमा गर्नु पर्ने बालबालिका को वास्तविक अवस्था बुझ्केर पारदर्शी तरिकावाट छात्रवृत्ति वितरण गर्नु पर्ने अभिभावकहरुको भेला गराई उक्त भेलामा छात्रृत्ति वितरण गर्न प्रभावकारी हुने अभिव्यक्ति पाइएको छ । यसरी प्राप्त सम्पूर्ण सरोकारवालाको सुझावलाई समेट्न सकेमा मात्र राज्यले लगानी गरेको छात्रवृत्ति रकमको सहि सदुपयोग भई शैक्षिक उपलब्धी बृद्धि गराउन सकिन्छ । विद्यालयमा अध्ययन गर्ने बालबालिका हरु मध्ये खासगरी लक्षित वर्गका विद्यार्थीहरुमा मास्लोको आवश्यकताको श्रृखलामा रहेको आधारभूत आवश्यकता नै प्रमुख समस्याको रुपमा रहेको हुँदा शिक्षा आर्जन गर्न पाउनु जस्ता बालबालिका हरुको लागि उच्च तहको आवश्यकता सम्झन्छन्, जे जसरी भएता पनि विद्यालयमा भर्ना गरेता पनि विविध समस्याहरुले गर्दा विद्यालयमा नियमित हुन सक्दैनन् नियमित मै हाले पनि आवश्यक सामग्रीका अभावमा शैक्षिक उपलब्धि राम्रो हुन सक्दैन । यस्ता समस्याहरुलाई सम्वोधन गर्न सकेमा मात्र शिक्षामा सवैको समान अवसर र पहुँच पुऱ्याउन थोरै भए पनि छात्रवृतिले प्रभाव पार्ने देखिन्छ ।

वि.एफ स्किनरका अनुसार जुन सुकै कार्य गर्न पनि मानिसमा उतेजना पैदा हुनु पर्दछ र उक्त उतेजना पूर्नवलयुक्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाइ सिकाइ प्राप्त गर्न सकिन्छ ।  छात्रवृत्तिको रकमले विद्यार्थीहरूमा उत्तेजना पैदा गर्न पूनर्वलको रुपमा कार्य गर्दछ । यसको प्रतिक्रिया स्वरुप विद्यार्थीहरू विद्यालयमा नियमित भइरहने फलस्वरुप सिकाइ उपलब्धिमा समेत वृद्धि हुने देखिन्छ । विद्यालयमा नियमित भई अध्ययन गर्ने बानीमा छात्रवृत्ति कार्यक्रमले सकारात्मक प्रभाव पर्दछ ।

## ४.३ छात्र छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

शिक्षालाई मानव विकासको अति महत्व पूर्ण अंगको रुपमा लिइन्छ । शिक्षाले नै मानिसलाई जीवनमा उपयोगी ज्ञान र सीप सिकाइ सहज जीवन मापनको अवस्था सृजित  गर्दछ । शिक्षा आर्जनको जगको रुपमा रहेको प्राथमिक शिक्षामा सवैको   पहुँच पुग्नु जरुरी छ । प्राथमिक उमेर समूहका सवै बालबालिका लाई विद्यालयमा भर्ना गराइ उच्चतम शैक्षिक उपलब्धी प्राप्त गराउन बालबालिका हरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण गरिदै आएको  छ । बालबालिका लाई समय

मै विद्यालयमा भर्ना गराई शैक्षिक क्षति हुन नदिन र वीचैमै कक्षा छाड्ने वा कक्षा दोहोर्याउने कार्यलाई निरुत्साहित गर्न छात्रवृत्ति कार्यक्रमको प्रभावकारितामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

छात्रवृत्ति कार्यक्रमले लक्षित समूहलाई कतिको प्रभाव पारेको छ छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थी वीचको नियमितता, कक्षा उर्तीण दर, सिकाइ उपलब्धि, उनीहरुमा रहेको शैक्षिक सामाग्री आदिको स्थितिले यसको प्रभावकारिता देखिन्छ । छात्रवृत्ति वितरण प्रक्रिया, छात्रवृत्ति वितरण निर्देशिकाको पालना, रकम र कोटाको पारदर्शिता, प्राप्त रकमको उपयोगको स्थिति, छात्रवृत्ति कार्यक्रमका सकारात्मक र कमजोर पक्षहरुका वारेमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, स्रोत व्यक्तिहरु संग प्रश्नावली र अन्तरवार्ता समेतका आधारमा प्राप्त तथ्यांकहरुको तालिकाकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.३.१ छात्रा छात्रवृत्ति पाउने विद्यार्थीहरुको व्यवहारिक परिवर्तन

नमुना छनौटमा परेका विद्यालयका विद्यार्थीहरुलाई छात्रा छात्रवृत्तिले के कस्तो प्रभाव पारेको छ ? भन्ने विषयमा पनि अध्ययन गर्ने जमर्को गरिएको छ । यस सन्दर्भमा विद्यालयका प्र.अ., शिक्षक तथा अभिभावकरुलाई छात्रवृत्तिको प्रभावले ल्याएको व्यवहारिक परिवर्तनको विषयमा प्रश्न सोधिएको थियो । प्राप्त उत्तरलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ११: छात्रा छात्रवृत्ति पाउने विद्यार्थीहरुको व्यवहारिक परिवर्तन

| परिवर्तनका पक्षहरु | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ. | शिक्षक | अभिभावक |
| उत्तीर्णदर | ३ | ९ | १२ |
| आचरण | २ | ३ | ६ |
| उत्प्रेरणा | २ | ४ | ३ |
| नियमितता | ३ | ५ | ७ |
| शैक्षिक उपलब्धि | ३ | ६ | १२ |
| अनुसाशन | २ | ५ | १० |
| सरसफाइ | २ | ४ | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

उपरोक्त तालिका हेर्दा विद्यार्थीहरुको उत्तीर्णदर, शैक्षिक उपलब्धि, अनुसाशन जस्ता पक्षमा भएको परिवर्तनका सम्बन्भमा १०० प्रतिशत प्र.अ. हरु सहमत छने । त्यस्तै विद्यार्थीहरुको आचरण,

उत्प्रेरणा, नियमितता र सरसफाइमा सकारात्मक परिवर्तन भएको कुरामा ६६.६६ प्रतिशत प्र.अ.हरु सहमत छन् । शिक्षकहरुमा छात्रा छात्रवृत्तिले विद्यार्थीहरुको उत्तीर्णदरमा सकारात्मक परिवर्तन भएको कुरा स्वीकार्ने ६० प्रतिशत पाइयो । त्यस्तै आचरण परिवर्तनमा २० प्रतिशत उत्प्रेरण र सरसफाइमा २६.६६ प्रतिशत, नियमितता र अनुसाशन परिवर्तनमा ३३.३३ प्रतिशत, शैक्षिक उपलब्धि वृद्धिमा ४० प्रतिशत परिवर्तन भएको कुरा शिक्षकहरुले व्याक्त गरेको पाइयो । ६० प्रतिशत अभिभावकहरु विद्यार्थीहरुको उत्तीर्णदर र शैक्षिक उपलब्धिको क्षेत्रमा सकारात्मक परिवर्तन आएको कुरा व्याक्त गरेको पाइयो । ६६.६६ अभिभावकहरुले सरसफाई र अनुसाशनमा सकारात्मक परिवर्तन भएको धारणा व्याक्त गरे भने ३० प्रतिशत अभिभावकले आचरणमा समेत सकारात्मक परिवर्तन भएको कुरा स्वीकार गरेका छन् । यस तथ्यलाई विश्लेषण गर्दा छात्रा छात्रवृत्तिले बालिकाहरुको व्यवहारमा व्यापक रुपमा सकारात्मक परिवर्तन भएको कुरा पुष्टि गर्न सकिन्छ ।

### ४.३.२ छात्रवृत्ति पाउँदा र नपाउँदाको सिकाइ उपलब्धि

नमुना छनौटमा परेका विद्यालयहरुका निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको छात्रा छात्रवृत्ति पाउँदा र नपाउँदाको सिकाइ उपलब्धि अभिलेख अध्ययन गरियो । उक्त अभिलेख अनुसार २०६३ र २०६४ मा छात्रा छात्रवृत्ति कार्यक्रम लागु नहुदाँको सिकाइ उपलब्धि र २०७१ र २०७२ मा छात्रा छात्रवृत्ति वितरण पछिको सिकाइ उपलब्धिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १२: छात्रवृत्ति पाउँदा र नपाउँदाको सिकाइ उपलब्धि

| विद्यालयको नाम | छात्रा छात्रवृत्ति नपाउँदाको शै.उ. | | छात्रा छात्रवृत्ति पाउँदा शै.उ. | |
|---|---|---|---|---|
| | २०६३ | २०६४ | २०७१ | २०७२ |
| श्री पूर्ण स्मारक उ.मा.वि | ३०.५ | ३२.६४ | ४०.२० | ४२.१ |
| नन्द मा.वि. | ३४.२४ | ३२.५ | ४२.३ | ४३ |
| सरस्वति उ.मा.वि | ३१.८४ | ३२ | ४१.६ | ४२.४ |

स्रोत: विद्यालय अभिलेख,२०७२

यहाँ प्रस्तुत सिकाइ उपलब्धि अभिलेखलाई अध्ययन गर्दा छात्रा छात्रवृत्ति प्रदान नगरिएको समयमा बालिकाहरुको सिकाई उपलब्धि हरेक विद्यालयको न्युन रहेको पाइयो । त्यसपछि छात्रा छात्रवृत्ति कार्य लागु भएपछि बालिकाहरुको सिकाइ उपलब्धि क्रमश बृद्धि हुँदै शैक्षिक सत्र २०७१ र

२०७२ मा पहिलाको तुलनामा निकै राम्रो देखिन्छ । यसरी छात्रा छात्रवृत्तिले विद्यार्थीहरुको सिकाइ उपलब्धिमा समेत सकारात्मक प्रभाव पार्दै लगेको देखिन्छ ।

### ४.३.३ नियमितता

एक शैक्षिक सत्र भरीमा विद्यालयमा पठन पाठन हुने दिन र विद्यालय खुलने दिन निश्चित हुन्छन् । शिक्षा नियमावली अनुसार न्युनतम विद्यालय खुल्ने दिन २२० हुनु पर्ने व्यवस्था रहेको छ । विद्यालयमा हुने नियमितताले विद्यार्थीले प्राप्त गर्ने ज्ञान, सीप र अभिवृतिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थी सिकाइ उपलब्धि कक्षा छाड्ने दर कक्षा दोहोऱ्याउने जस्ता कार्यहरू नियमिततामा भर पर्दछन् । विद्यार्थीहरूमा सिकाइ हुने शारीरिक, मानसिक र संवेगात्मक पक्षमा समेत नियमितताको प्रभाव परेको हुन्छ । विद्यालय खुलेको दिन, पठनपाठन भएको दिन र छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरूको विद्यालयमा रहेको उपस्थिति (हाजिरी) को अवस्था निम्न तालिमा देखाइएको छ ।

तालिका १३ : छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको उपस्थिति


| क.स. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | वर्ष भरि औषत छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
|---|---|---|---|---|---|
| १. | पूर्णस्मारक उ.मा.वि. | २०८ | १७२ | १५० | १२० |
| २. | नन्द मा.वि. | २०६ | १७० | १४२ | ११८ |
| ३. | सरस्वति मा.वि. | २१० | १७४ | १४३ | १२२ |

स्रोत : विद्यालय अभिलेख, २०७२

उपरोक्त तालिका यो कुरा स्पष्ट हुन आउँछ कि शिक्षा नियमावली अनुसार हरेक विद्यालयहरु कम्तीमा २२० दिन खुल्नु पर्ने र १८० दिन पठन पाठन हुनु पर्ने व्यवस्था रहेता पनि कुनै पनि विद्यालयहरु २२० दिन नखुलेको र पढाइ पनि १८० दिन नभएको देखिन्छ । यस्तो हुनुमा विभिन्न राजनैतिक र विद्यार्थी संगठनहरुको वन्दहडताल मुख्य जिम्मेवार रहेको कुरा विद्यालय सरोकार वाला अभिभावकहरुको रहेको छ । तालिकामा सवै भन्दा बढी विद्यालय खुल्नेमा सरस्वति मा.वि. २१० दिन र सवै भन्दा कम खेल्नेमा नन्द मा.वि. २०६ दिन रहेको  छन् । सवै भन्दा वढी पढाइ हुने दिनमा सरस्वति मा.वि. १७४ दिन र सवै भन्दा कम पढाइ भएको दिन १७० श्री नन्द मा.वि.को रहेको छ ।

विद्यालयमा वितरित छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरुको वर्ष भरिको औषत उपस्थितिलाइ तुलना गर्दा छात्रवृत्ति प्राप्त नगर्ने विद्यालयको तुलनामा छात्रवृत्ति प्राप्त गर्नेको वार्षिक औषत उपस्थिति वढी रहेको पाइएको छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा सवै भन्दा वढी र कम क्रमशः श्री सरस्वति मा.वि. र नन्द मा.वि.. मा १४३ र १४२ दिन रहेको छ, भने छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुमा वार्षिक औषत उपस्थिति सवै भन्दा वढी श्री सरस्वति मा.वि. कै १२२ दिन र सवै भन्दा कम श्री दुर्गा प्रा.वि. कै ११६ दिन रहेको छ । यस वाट छात्रवृत्ति कार्यक्रमले थर्नडाइकको सम्वलनको सिद्धान्तमा सकारात्मक सम्वलनको रुपमा काम गरेको पुष्टी गरेको छ । विद्यालयमा विद्यार्थीहरुको उपस्थितिमा वढोतरी संगै उनीहरुको सिकाइ उपलब्धीमा समेत सकारात्मक प्रभाव पर्न सक्ने कुराको अनुमान गर्न सकिन्छ । छात्रवृत्ति प्राप्त गर्नाले विद्यार्थीहरुमा विद्यालय जान तत्पर रहेको समेत देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू आगमी वर्षको छात्रवृत्ति प्राप्त गर्ने लालसाले समेत विद्यालयमा बढी उपस्थिति हुने गरेको कुरा स्वयं छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसँगको सोधपुछमा प्राप्त भयो ।

चित्र ४ : विद्यार्थीको बार्षिक औषत उपस्थिति




स्रोत : विद्यालय उपस्थिति वही, २०७२

अव्राहम मास्लो (१९४३) का अनुसार मानिसका इच्छा, चहाना र आवश्यकता प्रसस्त रहेका हुन्छन् । एक प्रकारका इच्छा तथा चाहानाको परिपूर्ति पछि पनि थप इच्छा र चाहानाको आवश्यकता खड्की रहन्छ । यसलाई उनले आवश्यकताको श्रृङ्खला द्धारा प्रस्तुत गरेका छन् । मानिसहरुको चाहाना र आवश्यकताको पूर्णता कहिल्यै हुदैन उक्त चाहाना र आवश्यकता प्राप्तिको लागि मानिस सधै उत्प्रेरित भइरहन्छ । यहाँ छात्रवृतिले गर्दा विद्यार्थी सधै उत्प्रेरित भई नियमित हुने गर्दछ ।

वि.एफ. स्किनर (१९३१) का अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना प्रदान गराउन, उतेजना पूनर्वलयूक्त हुनु पर्दछ । यस्तो उतेजनावाट प्राप्त प्रतिक्रियालाई क्रियाशील वनाइ सिकाइ गन गर्न सकिन्छ र चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ । सिकाइको व्यवहारलाई चोट अनुसारको आकारमा परिर्वतन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठीक समयमा नै पुनर्वल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्दछ । सिकाइमा सकारात्मक पुनर्वल प्राप्त कुनै पनि उतेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँदछ , त्यस उतेजना प्रति उसका व्यवहारहरु क्रियासील हुन थाल्दछन् । स्किनरको प्रयोगमा लिभर थिच्दा खाना प्राप्त गरेको मुसाले पुन : खाना प्राप्त गर्नको लागि उ लिभर थिच्न क्रियासील हुन्छ तर खानाको दर घटाएमा वा खाना नआएमा मुसाको लिभर थिच्ने दर क्रमशः घट्दै गई अन्तमा लिभर थिच्न नै छोड्छ । हाम्रै छनौटमा परेका विद्यालय वाट प्राप्त तथ्यांकलाई हेर्दा विद्यालयमा रहेका विद्यार्थी संख्या अनुसार छात्रवृत्ति कोटा अपर्याप्त हुँदा छात्रवृत्ति वितरण प्रक्रियामा समस्या पैदा हुन्छ र समयमा छात्रवृत्ति (पूनर्वल) प्राप्त गर्न नसक्दा उसलाई पढाइ प्रति र विद्यालय उपस्थिति प्रति नै नकारात्मक प्रभाव पार्ने हुँदा उसले नियमित विद्यालय आई सिकाइ गर्न निरन्तर रुपमा छात्रवृत्ति प्राप्त गरिरहनु पर्दछ ।

### ४.३.४ उतीर्णदर

हेरक कक्षामा भर्ना भएका विद्यार्थीहरूको बर्षमा ३ पटक परीक्षा पद्धतिद्धारा मूल्याङ्कन गरी कक्षोन्नती गर्ने गरिन्छ । यसरी गरिने कक्षोन्नतीमा बार्षिक परीक्षाको नतिजा मुख्य रहन्छ । परीक्षामा सफल विद्यार्थी माथिल्लो कक्षामा जान्छन् भने असफल विद्यार्थी स्वही कक्षामानै दोहोऱ्याएर अध्ययन गर्ने गर्दछन् । प्राथमिक तहमा नेपाल सरकारको नीति अनुरुप उदार कक्षोन्नति भनिएता पनि ७० प्रतिशत  उपस्थिति नपुग्ने विद्याथर्गीहरू असफल हुने गर्दछन् । अध्ययनमा परेको विद्यालयको परीक्षाफलको नतिजा हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीहरूको सिकाइ उपलब्धि केही मात्रमा चच्च रहेको फलस्वरुप त्यस्ता विद्यार्थीहको कक्षा उतीर्णदर समेत उच्च रहेको पाइयो भने छात्रवृत्ति नपाउने विद्यार्थीहरूमा नियमितता पनि नहुने गरेको र उतीर्ण दर समेत न्यून हुने गरेको देखिएको छ ।

## ४.३.५ अनुसासन

विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनको लागि विद्यार्थी नियमित रुपमा विद्यालय आउने र अनुशासित रुपमा अध्ययन गर्नु पर्ने हुन्छ । निम्न माध्यमिक तहको छात्रा छात्रवृतिको पभावकारिता भन्ने विषयमा यो शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्तिको प्रभावकारिता शीर्षक अन्तरगत अनुशासन उपशीर्षक माथि गरिएको शोधमा सरोकारवाला व्यक्ति, विद्यार्थी, शिक्षक, प्रधानाध्यापकसँग छलफल गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू तुलनात्मक रुपमा छात्रा छात्रवृत्ति प्राप्त नगर्ने भन्दा बढी सफासुग्घर, नियमित र बढी अनुसासित हुने गरेको कुरा अवगत भयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूमा गुरु तथा गुरुआमालाई आदर र सम्मान गर्ने, अनावश्यक झै झगडा नगर्ने गरेको पाइयो । अनुसासन भंग गरेमा पुनः छात्रवृत्ति नपाइन सकिने डरले समेत केही विद्यार्थीहरू सधै विद्यालय पोषाकमा विद्यालय आउने, ठीक समयमा आउने, गृहकार्य कक्षाकार्यमा सक्रिय सहभागिता बन्ने निर्देशन अक्षरस पालन गर्ने जस्ता कार्य गरेको पाइयो । कतिपय विद्यालये एकपटक छात्रवृत्ति पाइ सके पछि पून, आर्को कक्षामा पनि छात्रवृत्ति पाउन सकिने आसमा अनुशासित हुने गरेको बताए ।

## ४.३.६ विद्यार्थी समाजिकीकरण

विविध जातीय बसोवास रहेको देशमा सामाजिक रुपले एकाकार भई समाजमा समान हैसियत र पहुँच पुऱ्याउन हरेक जातिहरु लागि परिरहेका छन् । कानुनी रुपले नयाँ मुलिकि एने माफर्त जातीय विभेद र छुवाछुत लाई कानुनी अपराध मानिने व्यवस्था भएता पनि समाजमा जरागाडेर बसेको संस्कृति र परम्पराले जातीय विभेद र छुवाछुत जस्ता कुराबाट उन्मुक्ति दिन सकेको छैन । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात समुदायका हरेक व्यक्तिमा सामाजिकीकरणको भावनाको विकास भएको पाइन्छ । नेपाल सरकारले समाजमा पछि परेका व्यक्तिका लागि पनि शिक्षा लिन पनउनु वालकालिकाको नैसर्गीक अधिकार मानि कक्षा १० सम्म निःशुल्क पढ्न पाउने व्यवस्था गरेको छ । यसका साथै दलित सिमान्तकृत र अपाङ्गलाई छात्रवृत्तिको व्यवस्था गरी उनीहरुलाई विद्यालयमा सम्मान जनक वातावरणमा सिकाइ गर्ने अवसर प्रदान गरेको छ । छनौटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी , प्र.अ. र केही अभिावकसँगको अन्तरक्रियामा विभिन्न नामले आउने र प्रदान गरिने छात्रवृत्तिले केही नकारात्मक प्रभाव देखाएता पनि सकारात्मक पाटो नै सवल रहेको र उक्त छात्रवृत्तिले विद्यार्थीहरू एक अपासमा मिलेर बस्ने, सरसहयोग गर्ने,

हियाएर नभन्ने जस्ता कुरा हुने गरेबाट उनीहरूमा समाजिकीकरणको भावनाको विकास गराउन सहयोग पुऱ्याएको अभिव्यक्ति दिएको पाइयो ।

छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धिमा भिन्नता पाइनुका साथै उनीहरूको व्यवहारमा समेत केही भिन्नतथाहरू रहेको पाइयो । विद्यालयमा विद्यार्थीहरूले पढ्ने र शिक्षकले पढाउने भन्दा पनि विद्यार्थीले के, कति र कसरी सिक्न सके त्यसबाट उनीहरूको व्यवहारमा के कस्तो परिवर्तन आयो ? त्यसको महत्व बढी हुने गर्दछ । छनौटमा परेका विद्यालयका छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूमा व्यहारमा परितर्वन भएको पाइयो र यस्तो परिवर्तन सकारात्मक रहको पाइयो । त्यस्ता विद्यार्थीहरूले समाजमा हुने विभिन्न गतिविधिमा सक्रिय सहभागिता देखाउने गरेका उनीहरूमा अनुशासन हुने, सफा सुग्घर रहने गरेको पाइयो । अध्ययनका क्रममा कक्षा अवलोकन गर्दा कसैका हातका औंलाका नङ लामा थिए भने कसैका काटिएका, नङ नकाटेर नङमा फोहोर भरिएका विद्यार्थी किन नङ नकाटेको भन्दा नङ काट्ने साधन छैन भन्ने जवफा दिए भने नङ काटेर आउनेलाई सोद्धा नेलकटरले हप्तमा दुई पटक नङ काट्ने गरेको बताए यसबाट उनीहरूको व्यवहारमा परिर्वतन ल्याएने काम गरेको पाइयो ।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूमा कुनै पनि काममा अग्रसर हुने, विद्यालयले संचालन गरेको अतिरिक्त तथा  सहक्रियाकलापमा भाग लिने, हरेक कुरालाई उत्सुकता पूर्वक आत्मसात गरी विद्यालयले आयोजना गर्ने खेलकुद क्रियाकलाप, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रमा सहभागति हुने गरेको कुरा विद्यालयका शिक्षक र प्र.अ.सँगको कुराकानीका क्रममा जानकारी प्राप्त गरियो । यसबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीक तुलनामा विद्यालय र घर परिवारमा समेत सक्रिय रुपमा प्रत्यक्ष क्रियाकलापमा सहभागी भई उनीहको सकारात्मक व्यवहार परिवर्तन गरि सामाजिकीकरणमा प्रत्यक्ष रुपले सहयोग पुऱ्याएको पाइयो ।

## ४.४ प्राप्ति

इलाम जिल्लाको लक्ष्मीपुर स्रोतकेन्द्र अन्तरगत रहेको सामुदायिक विद्यालयहरुमा नि.मा. तहको छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता शीर्षकमा यो अनुसन्धान गरिएको छ । लक्ष्मीपुर स्रोत केन्द्र अन्तरगत पर्ने २ वटा गा.वि.स. मा रहेकका विद्यालयहरु मध्येवाट २ वटा गोदक र १ बठा लक्ष्मीपुर गा.वि.स. बाट ३बटा विद्यालयहरुलाई अध्ययनका लागि नमुना क्षेत्रका रुपमा लिएर सम्पन्न गरिएको छ । तथ्याङ्क संकलनका क्रममा अवलोकन, अन्तरवार्ता , छलफल, विद्यालयका तथ्याङ्क फारम र भराइएका प्रश्नावलीको आधारमा यो शोधपत्र तयार गरिएको छ । इलाम

जिल्लाको लक्ष्मीपुर स्रोतकेन्द्रमा रहेका २ वटा गाा.वि.स. मा अवस्थित ५ वटा सामुदायिक ( सरकारी) विद्यालय वाट उदेश्यात्मक नमुना छनौट विधिका आधारमा ३ वटा विद्यालयको छनौट गरिएको छ । प्राप्त भएका तथ्यांकहरुको सांकेतीकरण र तालिकाकरण गरि विभिन्न तथ्यांक शास्त्रिय विधि प्रयोग गरि व्याख्या तथा विश्लेषण कार्य गरिएको छ । स्थलगत भ्रमण गरी तथ्यांक संक्लन गर्ने क्रममा निम्न तथ्यहरु प्राप्तिको रुपमा पाइएका छन् ।

अध्ययनमा परेका विद्यालयहरुमा छात्रवृत्ति वितरणको स्थिति हेर्दा विभिन्न जातजाति, लिङ्ग र वर्गका आधारमा तथ्याङ्क प्राप्त भयो । विद्यालयमा छात्रा छात्रवृत्तिको रुपमा सम्पूर्ण बालबालिकालाई निशुल्क पाठ्यपुस्तक वितरण गरिएको, बालिका छात्रवृत्ति, दलित छात्रवृत्ति, लोपोन्मुख तथा सीमान्तकृत छात्रवृत्ति गरि ३ प्रकारका छात्रवृत्ति वितरण हुने गरेको पाइयो । छात्रवृत्ति वितरण गर्न विद्यालयमा औपचारिक कार्यक्रमको आयोजना नगरि समान्य रुपमा वर्ग शिक्षक वाट गर्ने गरेको पाइयो । कतिपय विद्यालयले अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीलाई दामासाहिहरुले वाडेर वितरण गरेको पाइयो । अभिभावकहरुलाई छात्रवृत्ति वितरण कार्यक्रममा वोलाईयता पनि नआउने गरेको पाइयो । लक्षित समूहले मात्र छात्रवृत्ति प्राप्त नगर्ने गरेको, छात्रवृत्ति रकम वितरणमा जि.शि.का. र स्रोत केन्द्रवाट समेत अनुगमन, निरीक्षण र परामर्श दिने गरेको पाइएन । छात्रवृत्ति निर्देशिकाले निर्देशन गरे अनुसार छात्रवृत्ति सवै विद्यालयहरुले प्राप्त नगरेको, कतिपय विद्यालयहरुले नगदै छात्रवृत्ति वितरण नगरि शिर्षक परिवर्तन गरेर छात्रवृत्तिलाई खर्चिने गरेको समेत पाइयो भने कतिपय विद्यालयले छात्रवृत्ति रकममा विद्यालय कोषबाट थप गरि समेत वितरण गरेको पाइयो ।

छात्रा छात्रवृत्ति रकमको कतै सदुपयोग त कतै दुरुपयोग समेत हुने गरेको पाइयो । छात्रा छात्रवृत्ति रकमले गर्दा विद्यालयमा छात्राहरुको भर्ना दर वढेको पाइएता पनि नियमितता सोचे अनुरुप रहेको पाइएन । छात्रवृतिको कारणले विद्यार्थीहरुमा पढाई प्रति रुची जागृत भई उत्कृष्टता प्राप्त गर्ने तर्फ उन्मुख रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटमा प्र.अ. र शिक्षकहरु सहभागी हुने गरेको पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी, छात्रवृत्ति प्राप्त नगर्नेको तुलनामा विद्यालयमा वढी उपस्थित हुने गरेको पाइयो । छात्रवृत्ति रकम न्यून भएको गुनासो प्रसस्त मात्रामा पाइयो । तल्ला कक्षामा छात्रवृत्ति पाउनेले माथिल्ला कक्षाहरुमा समेत रकम वृद्धि संगै छात्रवृत्ति प्राप्त गरिरहनु पर्ने माग समेत अभिभावकहरुको रहेको पाइयो ।

छात्रा छात्रवृत्ति वितरण कार्यक्रमले समुदायमा विद्यालय प्रतिको नकारात्मक धारणामा केही हद सम्म परिवर्तन गरि सकारात्मक धारणा निर्माण गरेको पाइयो । छात्रवृत्ति कार्यक्रमले

विद्यार्थीहरुको स्वास्थ्य, सरसफाइ, अनुशासन, नैतिकता, समयपालन जस्ता पक्षहरुमा सुधार आएको कुरा अवलोकनबाट प्राप्त भयो । कतिपय अभिभावकले छात्रवृत्ति रकमलाई घरायसी र फजुल खर्चमा खर्चेर यसको दुरुपयोग भएको समेत पाइयो । तर जे जति मात्रामा भए पनि छात्रवृत्ति वितरणले विद्यार्थी र उनीहरुका  अभिभावकका साथै शिक्षकहरुलाई समेत राहत पुगेको पाइएको हुँदा राज्यले छात्रवृतिको कोटा र रकममा वृद्धि गर्नु पर्ने कुरा पनि टड्कारो रुपमा पाइयो ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

## ५.१.निष्कर्ष

नि.मा. तहको छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता भन्ने शिर्षकमा गरिएको अध्ययनमा इलाम जिल्लाको लक्ष्मीपुर स्रोतकेन्द्र अन्तरगत रहेको विद्यालयहरु मध्येबाट छनौटमा परेका तीन वटा विद्यालयमा गरिएको अध्ययनबाट प्राप्त तथ्यांकहरु, प्रतिक्रिया र सुझावका आधारमा व्याख्या र विश्लेषण गरिएको छ। देशका सवै क्षेत्रको अवस्था अभिभावकहरुको चेतना स्तर आर्थिक सामाजिक र सांस्कृतिक अवस्था एउटै नहुने हुँदा इलाम जिल्लाको लक्ष्मीपुर स्रोत केन्द्रमा गरिएको निम्नमाध्यमिक तहको छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता सम्वन्धि निष्कर्ष देशका अन्य ठाउँमा हु वहु रुपमा लागु नहुन सक्ने पनि देखिन्छ। छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीहरु र अभिभावकहरुमा विद्यलाय प्रति सकारात्मक धारणाको विकास गराएको छ। छात्रवृत्ति प्राप्तिले गर्दा विद्यार्थीहरु विद्यालयमा नियमित हुने, उर्तिणदर वढ्ने, कक्षा छाड्नेदर घट्ने र कक्षा दाहोऱ्याउनेदरमा समेत काम भएको छ। यसले छोरालाई मात्र पढाउनु पर्छ भन्ने चिन्तनमा परिवर्तन ल्याई लैङ्गिक विभेदका कारण छोरीलाई विद्यालय पढाउने कार्यमा अभिभावकहरुलाई प्रोत्साहन प्रदान गरेको छ। लक्षित समूहमा रहेका अभिभावकहरुको चेतनामा परिवर्तन ल्याएको छ।

वढ्दो महंगीको तुलनामा छात्रवृत्ति रकम अत्यन्तै न्यून रहेको र छात्रवृतिको कोटा वितरण कार्यक्रमले लक्षित समूहका सवैलाई समेट्न सकेको छैन्। छात्रवृतिको रकम उपयुक्त समयमा प्राप्त नहुँदा उद्देश्य अनुरुप खर्च नभई दुरुपयोग समेत हुने गरेको छ। तसर्थ छात्रवृत्ति प्राप्त गर्ने छनौट प्रक्रियाका साथै वितरणका लागि स्पष्ट र पारदर्शीताको आधार तयार गर्नु पर्ने हुन्छ। उमेरै नपुगि छात्रवृत्ति प्राप्तिका लागि समेत बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने प्रवृति वढनाको साथै विद्यालयले ढिलो गरि विद्यार्थी विवरण जि.शि.का. मा पठाउँदा कतिपयले छात्रवृत्ति प्राप्त गर्न नसकि रहेको अवस्था छ।

छात्रा छात्रवृत्ति वितरणलाई औपचारिक कार्यक्रम नगरी वितरण गर्ने गरिएवाट यस कार्यक्रमको प्रचार प्रसार र प्रभावकारितामा नै प्रश्न चिन्ह उब्जिएको छ। छात्रवृत्ति रकमको उपयोगिता सम्वन्धमा सम्वन्धित निकायवाट अनुगमन तथा निरीक्षण नहुँदा यसको दुरुपयोग समेत हुने गरेको छ। जि.शि.का. को भूमिका निश्क्रिय भएका कारण धेरै जसो विद्यालयहरुले त रकम दुरुपयोग समेत गर्न सक्ने देखिन्छ। निम्न माध्यमिक तहको छात्रा छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुमा अभिप्रेरणा प्रदान गर्न सकेको छ। यसले विद्यार्थीहरुलाई विद्यालय पठाउन र

नियमित हुन सकारात्मक सम्वलनको समेत कार्य गरेको छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई उचित समयमा  छात्रवृत्ति  प्रदान गरेमा उनीहरुमा विद्यालय जान र नियमित रुपमा विद्यालयमा रही सिकाइ उपलब्धि प्राप्त गर्नमा पुनर्वल प्राप्त हुने देखिन्छ ।

## ५.२ सुझाव

छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता सम्वन्धि यस अनुसन्धानका क्रममा प्राप्त गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरु अन्तरवार्ता, भराइएका प्रश्नावली आदिबाट प्राप्त प्रतिक्रियाका आधारमा प्राप्त भएको प्राप्ति र निष्कर्षका आधारमा समेत केही महत्वपूर्ण सुझावहरुलाई निम्नानुसार प्रस्तुत गर्न उचित देखिन्छ ।

### ५.२.१ नीतिगत तह

छात्रा छात्रवृत्ति वितरण गर्ने निश्चित समय किटान गरी सके देशैभरी नभए जिल्लागत रूपमा एकैदिन छात्रवृत्ति वितरण गर्ने व्यवस्था गरिनु उचित देखिन्छ । उक्त कार्य शैक्षिक सत्रको सुरुमै तोकिनु पर्ने हुन्छ । हालको महँगीमा वितरण गरिदै आएको छात्रवृत्तिको रकम न्यून रहेको हुँदा समय सापेक्षा छात्रवृत्तिको रकम बढाउँदै लैजानु पर्ने देखिन्छ । छात्रवृत्तिले सकारात्मक सम्बलनको कार्य गर्ने हुँदा तल्लो कक्षामा छात्रवृत्ति पाउनेलाई उपल्लो कक्षामा समेत निरन्तर रुपमा छावृत्तिको व्यवस्था गरिनु आवश्यक देखिन्छ । विद्यालयमा रहेको विद्यार्थी सङ्ख्यालाई मात्र आधार नमानी जिल्लाको भौगोलिक र आर्थिक अवस्था, विद्यार्थीको जहेन्दारिता र गरीबको मापदण्ड अनुसार प्राथमिकता निर्धारण गरी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिन र प्रभावकारी बनाउन योजना निर्माण र मार्ग दर्शन समेत गरिनु आवश्यक देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा वितरण गरिने छात्रा छात्रवृत्ति कार्यक्रमको वारेमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनु पर्ने देखिन्छ । छात्रवृत्ति वितरणको हिसाब पारदर्शी गरिनु पर्ने देखिन्छ । छात्रवृत्ति रकमलाई समयमै वितरण गर्न आवश्यक देखिन्छ । छात्रवृत्ति रकमलई बृद्धि गर्दै लैजनु पर्ने पनि देखिन्छ । छात्रवृत्ति वितरणले पारेका सकारात्मक र नकारात्मक प्रभावलाई पछिल्ला दिनहरूमा विश्लेषण गर्नको लागि प्रत्येक वर्षको छात्रा छात्रवृत्ति वितरणको अभिलेख पारदर्शी रुपमा हरेक विद्यालयमा राखिनु आवश्यक देखिन्छ । हरेक विद्यालयले छात्रवृत्ति वितरणको लागि अलग्गै

छात्रवृत्ति छनोट र वितरण समिति बनाउन उपयुक्त देखिन्छ । छात्रा छात्रवृत्तिको रूपमा वितरण गरिएको रकम अभिभावकहरूबाट दुरुपयोग हुन सक्ने हुँदा त्यसलाई रोकथाम गर्ने गरी विद्यार्थीको आमालाई छात्रवृत्ति रकम वितरण गरिनु पर्दछ वा विद्यालयले नै आवश्यक स्टेशनरी सामग्री खरिद गरेर दिँदा दुरुपयोग कम हुने देखिन्छ । छात्रवृत्ति वितरणको लागि विद्यालयहरूले विद्यार्थी भर्ना अभिलेख दुरुस्त राख्न आवश्यक देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

छात्रा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता भन्ने शीर्षकमा गरिएको यो अनुसन्धानले निम्न माध्यमिक तहको छात्रा छात्रवृत्ति वितरणको प्रभावकारिता मात्र अध्ययन गरिएको हुँदा प्रा.वि. र मा.वि. तहको छात्रा छात्रवृत्ति वितरण प्रक्रियाको तुलनात्मक अध्ययन गर्नको लागि यसले आधार प्रदान गर्दछ । थप अनुसन्धान कर्तालाई यो अनुसन्धानले संस्थागत विद्यालयहरूमा के कसरी छात्रवृत्ति वितरण गरिन्छ, वा गरिदैन? त्यसको सामुदायिक विद्यालयहरूसँग तुलनात्मक अध्ययन गर्नमा सहयोग प्रदान गर्ने देखिन्छ । छात्रा छात्रवृत्ति वितरणले शिक्षण सिकाइमा कति सुधार गर्न सक्यो वा सकेन त्यसको लेखा जोखा विद्यालयले राख्नु पर्ने देखिन्छ र यो पनि अनुसन्धानको विषय हुन सक्ने देखिन्छ । यस अनुसन्धानले छात्रा छात्रवृत्तिको विषयमा मात्र नभएर अन्य किसिको छात्रवृत्तिको प्रभावकारीताको विषयमा समेत अध्ययन अनुसन्धान गर्न सहयोग पुग्ने देखिन्छ।

# सन्दर्भ सामग्री


कार्की, भक्त बहादुर (२०६५), *प्राथमिक तहमा खुद भर्ना दरमा ५०% छात्राछात्रवृत्तिले पारेको प्रभाव एक अध्ययन* अप्रकाशित शोधपत्र, काठमाडौ : त्रि.वि.महेन्द्र रत्न क्याम्पस ताहाचल ।

जोशी, जगदीशचन्द्र (२०६५), *प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता,* अप्रकाशित शोध पत्र, काठमाडौ : त्रिभुवन विश्वविद्यलय ।

दाहाल, हिम प्रसाद (२०६८), *सिमान्तकृत छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, मारङ्ग : सुकुना बहुमूखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

दुलाल, पून्यप्रसाद (२०६७), *दलित छात्रवृत्ति वितरणबाट गैह्र दलित विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव,* अप्रकाशित सोध पत्र, इलाम : सुकुना बहुमूखी क्याम्पस ।

नेपाली, *शब्दकोष* (२०५६), नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान काठमाडौ ।

पौडेल, बाबुराम(२०६६), *शैक्षिक सुचना संगालो(२०६६),* भक्तपुरः शिक्षा विभाग ।

बस्नेत, महेन्द्र बहादुर(२०६७), *प्राथमिक विद्यालयमा दलित छात्रवृत्तिको प्रभावकारीता,* अप्रकाशित शोधपत्र, काठमाडौंः त्रि.वि. शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

वस्ती, हरि प्रसाद (२०६६), *प्राथमिक शिक्षामा छात्राछात्रवृति कार्यक्रमको प्रभावकारिता,* अप्रकाशित शोधपत्र, इलाम : त्रि.वि.वि. सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), *शिक्षा योजना,* काठमाडौं, एम.के.पब्लिसर्स् एण्ड डिट्रिव्युटर्स् ।

शिक्षा विभाग, (२०६५) *कार्यक्रम कार्यन्वयन पुस्तिका,* भक्तपुर ।

Panta, P.R.(2010 AD), *Social Science Research and thesis writing,* (5th ed), Kathmandu: Buddha Academic Enterprises Pvt. Ltd. Nepal

Timsina, B.K.(2003), *Educational Research Methodology*, Kirtipur: Gyankunja Prakashan

# छात्रा छात्रवृत्तिको प्रभावकारिता

## अनुसूचि - एक : छनौटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष, प्र.अ.र शिक्षकको विवरण

| क.स. | विद्यालयको नाम रठेगाना | वि.व्य.स. अध्यक्ष | प्र.अ. | शिक्षक |
|---|---|---|---|---|
| १. | नन्द मा.वि, गोदक, इलाम | श्री धर्ममणि गौतम | श्री याम बहादुर लिम्बु | सागर गौतम, भिम प्रसाद ढुंगाना |
| २. | पूर्ण स्मारक उ.मा.वि., गोदक, इलाम | श्री हरिकला गौतम | श्री प्रेम प्रसाद घिमिरे | तेज कुमार राई, संज्ञा राई |
| ३. | सरस्वति मा.वि., लक्ष्मिपुर | श्री कुमार आचार्य | श्री घनश्याम अधिकारी | जीवन शर्मा, सोमनाथ सिटौला |

# छात्रा छात्रवृत्तिको प्रभावकारिता

## अनुसूचि – दुई : विद्यालय अवलोकन फारम २०७२

१. क) विद्यालयको नाम र ठेगाना :

ख) विद्यालयमा संचालित कक्षा :

२. विद्यालयको विद्यार्थी विवरण :

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

३. विद्यालयमा प्राप्त हनु नि.मा.वि. तहको छात्रवृत्तिः

क) दलित

ख) वालिका

ग) अपांग

घ) सिमान्तकृत

ङ) अन्य

४. छात्रवृत्तिप्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको उपस्थिति :

५. छात्रवृत्तिवितरणको किसिम :

क) नगद

ख) जिन्सी

ग) नगद र जिन्सी

६. छात्रवृत्तिवितरणको समय :

क) शै.स.को सुरुमा
ख) शै.स.को मध्यमा
ग) शै.स.को अत्यमा

७. छात्रवृत्तिरकमको उपयोगमा अभिभावकको मत :

क) पठन पाठनमा

ख) घर खर्चमा

ग) फजुल खर्चमा
घ) ऋृण तिर्नमा

## छात्रा छात्रवृत्तिको प्रभावकारिता
## अनुसूचि –तीन : प्रधानाध्यापकका लागि तयार गरिएका प्रश्नावली

प्र.अ. को नाम :

विद्यालयको नाम :

त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तहको (Ed. 598) द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि केही प्रश्नावलीहरु छन् कृपया उत्तर दिई सहयोग गरीदिनुहुन अनुरोध छ।

१. छात्रवृत्तिरकमको वितरण कसरी गर्नु हुन्छ ?

क) व्या. समितिको उपस्थितिमा ख) शिक्षकको सिफारिस ग) आफैले घ) शिक्षकद्धारा

२. छात्रवृत्तिरकमको उपयोग के कसरी भइरहेको छ ?

क) विद्यालय पोशाक खरिदमा ख) स्टेशनरीमा ग) फजुल खर्च घ) ऋण तिर्नमा

३. छात्रवृतिले गर्दा विद्यालयमा विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नराकारात्मक

४. तपाईको विद्यालयमा के कस्ता प्रकारका छात्रवृत्तिआउने गरेको छन् ?

क) दलित /बालिका ख) अपाङ्ग ग) सिमान्तकृत घ) माथिका सबै

५. छात्रवृत्तिकार्यक्रमका के कस्ता समस्याहरु रहेका पाउनु भएको छ ?

.......................................................................................................

६. छात्रवृत्तिकार्यक्रमका सकारात्मक र नाकारात्मक पक्षहरु के के रहेका छन् ?

.......................................................................................................

७. छात्रवृत्तिरकमको कोटा र पारदर्शिता कस्तो रहेको छ ?

.......................................................................................................

८. छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूमा के कस्ता सामाजिकीकरणका गुणहरू रहेका पाउनु भएको छ ?

.......................................................................................................

९. तपाइले वितरण गर्दै आउनु भएको छात्रवृत्ति रकम पर्याप्त छ ?

क) छ ख) छैन ग) ठीकै छ घ) बढाउनु पर्छ

१०. छात्रा छात्रावृत्ति दिने आधारहरु के कस्ता निर्धारित छन् ?

..................................................................................................

११. छात्रावृत्तिले बालिकाको शैक्षिक उपलब्धीमा कस्तो असर पारेको छ ?

..................................................................................................

# छात्रा छात्रवृत्तिको प्रभावकारिता
## अनुसूचि –चार : शिक्षकका लागि तयार गरिएका प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तहको (Ed.598) द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि केही प्रश्नावलीहरु छन् कृपया उत्तर दिई सहयोग गरीदिनुहुन अनुरोध छ ।

१. यस विद्यालयका सेवा क्षेत्र भित्रका विद्यालय उमेर समुहका सवै वालवालिका विद्यालय भर्ना भएका छन् ?

……………………………………………………………………………

२. भर्ना नभएका भए के कारण हुन सक्छ ?

……………………………………………………………………………

३. छात्रवृत्तिवितरण गरिने समय वारे तपाईको प्रतिक्रिया कस्तो छ ?

……………………………………………………………………………

४. छात्रवृतिको प्रभाव कस्तो रहेको पाउनु भएको छ ?

……………………………………………………………………………

५. छात्रवृत्तिवितरणलाई प्रभावकारी वनाउन के गर्नु पर्ला ?

……………………………………………………………………………

६. छात्रवृत्तिवितरण कार्यक्रमको सवल र दुर्वल पक्षहरु के के हुन सक्छन् ?

……………………………………………………………………………

७. छात्रवृत्तिवितरण गर्दा नगद वा जिन्सी कुन वितरण गर्नु राम्रो हुन्छ ? किन ?

……………………………………………………………………………

८. विद्यालयलाई प्राप्त छात्रवृत्तिकोटा कस्तो छ ?

……………………………………………………………………………

९. छात्रवृत्तिकार्यक्रमलाई प्रभावकारी वनाउने उपयाहरु के के होलान ?

……………………………………………………………………………

१०. छात्रवृत्तिकार्यक्रम प्रति तपाईको धारणा के छ ?

……………………………………………………………………………

११. छात्रवृत्ति रकम कलाई दिनु उपयुक्त होला ?

.........................................................................

१३. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको व्यवहारमा के कस्ता परिवर्तन आएको पाउनु भएको छ ?

.........................................................................

# छात्रा छात्रवृत्तिको प्रभावकारिता
## अनुसूचि –पाँच : विद्यार्थीका लागि तयार गरिएका प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम :

यहाँ सोधिएका प्रश्नहरुको जवाफ दिई सहयोग गर्नुहोला ।

१. तिमीले आजसम्म कुनै छात्रवृत्तिपाएका छौ ? छौ भने त्यो कुन छात्रवृत्तिहो ?

क) छैन   ख) पाएको छु , थाहा छैन   ग) पहिले पाएको थिए, अहिले छैन   घ) छात्रवृति

.............................................................................................................

२. छात्रवृत्तिकसले बुझ्दछ ?

क) आफै   ख) अभिभावक   ग) सर   घ) आमावावुको उपस्थितिमा आफैले

.............................................................................................................

३. छात्रवृत्तिरकम के काममा खर्च गर्ने गरेको छ ?

क) पोसाक किन्नमा   ख) कापीकलम किन्नमा   ग) घरखर्च गर्नमा   घ) ऋण तिर्नामा

.............................................................................................................

४. यदि छात्रवृत्तिपाएका छौ भने , उक्त छात्रवृत्तिकिन पाएका छौ ?

क) कक्षामा प्रथम भएर   ख) छात्रा भएर   ग) दलित भएर   घ) थाहा छैन

.............................................................................................................

५. तिमीले प्राप्त गरेको छात्रवृत्तिपर्याप्त छ ? छैन भने कति भए हुन्थ्यो जस्तो लाग्छ ?

क) छैन, महंगी अनुसार दिनु पर्थ्यो  ख) छैन कलम, र्मुला र पोशाक किन्न पुग्ने हुनु पथर्यो

ग) छैन, वर्ष दिन भरि खाजा खान पुग्ने गरि दिनु पर्थ्यो   घ) छैन, टयूसन पढन पुग्ने गरि

.............................................................................................................

६. छात्रवृत्तिरकम कुन समयमा वितरण गर्नु उपयुक्त हुन्छ ?

क) शै.स.को सुरुमा   ख) शै.स.को मध्यमा   ग) शै.स.को अन्त्यमा   घ) जुनसुकै वेला

.............................................................................................................

७. छात्रवृत्तिरकम कसलाई दिनु राम्रो हो ?

क) विद्यार्थीलाई   ख) आमावावुलाई   ग) शिक्षकलाई   घ) अन्यलाई

.............................................................................................................

८. छात्रवृतिमा नगद वा जिन्सी के दिनु राम्रो लाग्छ र किन ?

.............................................................................................................

९. छात्रवृत्तिप्राप्त गर्दा तिमीलाई कस्तो लाग्छ ?

.............................................................................................................

१०. छात्रवृतिको रकमले गर्दा तिमीलाई पढाइमा सहयोग गर्छ ?

.............................................................................................................

११. तिमीलाई पढ्ने प्रेरणा कसले दिन्छ ?

.............................................................................................................

१२. के तिमी विद्यालयमा नियमित छौ ? छैनौ भने किन ?

.............................................................................................................

# छात्रा छात्रवृत्तिको प्रभावकारिता

## अनुसूचि –छ : अभिभावकका लागि तयार गरिएका प्रश्नावली

अभिभावकको नाम :

विद्यालयको नाम :

त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तहको (Ed. 598) द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि केही प्रश्नावलीहरु छन् कृपया उत्तर दिई सहयोग गरीदिनुहुन अनुरोध छ ।

१. तपाईको घरमा प्राथमिक उमेर समुहका वालवालिका कति छन् ?

......................................................................................................

२. तपाईका छोरा छोरीले छात्रवृत्ति पाएका छन् ? छन् भने कुन छात्रवृत्ति कति रकमको पाएका छन् ?

......................................................................................................

३. तपाईका छोरा छोरीले पाएको छात्रवृतिको रकम के मा खर्च गर्नु हुन्छ ?

क) उनीहरुको पठन पाठनमा ख) घर खर्चमा ग) फजुल खर्चमा घ) ऋण तिर्नमा

......................................................................................................

४. छात्रवृत्ति वितरण गरिने उपयुक्त समय कुन होला ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वखत

......................................................................................................

५. छात्रवृत्ति रकम कसलाई दिनु उपयुक्त होला ?

क) वालवालिकालाई ख) आमावावुलाई ग) शिक्षकलाई घ) अन्य कसैलाई

......................................................................................................

६. तपाईको विचारमा छात्रवृत्तिवितरणको उपयुक्त समय कुन होला ?

......................................................................................................

७. तपाईको वचचालाई नियमित रुपमा विद्यालय पठाउनु हुन्छ ? नपठाउने गर्नु भएको भए के कारणले नपठाउनु भएको हो ?

......................................................................................................

८. तपाईका नानीहरु पढ्ने विद्यालयले छात्रवृत्तिसम्बन्धि जागरण कार्यक्रम संचालन गर्ने गरेको छ ?

.......................................................................................................

९. छात्रवृत्ति वितरण गर्दा नगद वा जिन्सी वितरण गर्नु उपयुक्त ठान्नु हुन्छ ? र किन ?

.......................................................................................................

१०. तपाईको आम्दानीको स्रोतले वच्चालाई पढाइ लेखाई गर्न लाग्ने खर्च धान्न सक्छ ?

.......................................................................................................

११. तपाईका नानीहरुलाई घरमा पढ्ने वातावरण दिनु भएको छ ? यदि छ भने दिनको कति घण्टा पढ्छन् ?

.......................................................................................................

१२. छात्रवृतिको सम्बन्धमा तपाईको राय के छ ?

.......................................................................................................

१३. तपाइले प्राप्त गर्ने छात्रवृत्ति रकम पर्याप्त छ ?

क) छ  ख) छैन  ग) ठीकै छ  ग) थप गर्नु पर्दछ

# छात्रा छात्रवृत्तिको प्रभावकारिता
## अनुसूचि –सात : वि.व्य.स. अध्यक्षका लागि तयार गरिएका प्रश्नावली

अध्यक्षको नाम : विद्यालयको नाम :

त्रि.वि. शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तहको (Ed. 598) द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि केही प्रश्नावलीहरु छन् कृपया उत्तर दिई सहयोग गरीदिनुहुन अनुरोध छ ।

१. छात्रवृत्ति वितरणको निर्णय कसरी गर्नु हुन्छ ?

क) वि.व्य.स. को बैठकबाट ख) स्टाफ बैठकबाट

ग) वर्ग शिक्षकबाट घ) प्र.अ.बाट

२. कस्ता विद्यार्थीलाई छात्रवृत्तिदिनु हुन्छ ?

क) गरिब ख) जेहेन्दार ग) गरिब तथा जेहेन्दार घ) तोकिए अनुसार

३. छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका हेर्नु भएको छ ?

क) छ ख) छैन

४. छात्रवृत्ति वितरणको उपयुक्त समय कुन हुन सक्छ ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वखत

५. छात्रवृत्ति रकम के कसरी वितरण गर्दै आउनु भएको छ ?

क) नगद ख) जिन्सी ग) अभिभावकको चाहाना अनुसार घ) प्र.अ.को स्वविकेकमा

६. छात्रवृत्ति कसलाई बुझाउनु हुन्छ ?

क) विद्यार्थी ख) आमा ग) बुबा घ) परिवारको जुनसुकै सदस्य

७. छात्रवृत्ति वितरण गर्दा के (नगद, जिन्सी) वितरण गर्नु उपयुक्त हुन्छ ?

क) नगद ख) जिन्सी

८. छात्रवृत्तिरकमको उपयोग कसरी हुने गरेको छ ?

...........................................................................

९. विद्यालयमा के कस्ता प्रकारका छात्रवृत्तिहरु वितरण हुदै आएका छन् ?

...........................................................................

१०. तपाईको विचारमा छात्रवृत्तिकार्यक्रमले विद्यार्थीको नियमितता सिकाई उपलब्धी, भर्नादर र कक्षा छाड्ने दरमा प्रभाव पार्छ होला ?

...........................................................................

११. छात्रवृत्तिकार्यक्रममा सुधारका केही पक्ष भए स्प्रष्ट परिदिनुहोस् न ।

..........................................................................

१२. के वितरण गरिएको छात्रवृत्ति पर्याप्त छ ?

..........................................................................